वर्ष : २१, अंक : ३१, काठमाडौं, २०८२ पुस ११ गते शुक्रबार, 26 December, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## परिवर्तनशील समयमा मधेश

# आगामी निर्वाचनबाट मधेशीलाई अधिकार प्राप्त हुन्छ त ?




काठमाडौं । विदेशमा बस्ने नेपालका मधेशीहरुको अन्तर्राष्ट्रिय छाता संगठन मधेशी एकता समाजले शनिबार काठमाडौंमा जेनजी आन्दोलनपछि मुलुकमा विकसित राजनीतिक परिवेशमा केन्द्रित रहेर विचार मन्थन कार्यक्रम आयोजना गरेको छ ।

परिवर्तनशील समयमा मधेश भन्ने शीर्षकमा आयोजना गरिएको विचार मन्थन कार्यक्रममा बोल्दै जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले जेनजी आन्दोलनपछि मधेश कहाँ छ भनी आफूहरुले खोजिरहेको बताएका छन् ।

डा. राउतले जेनजी आन्दोलनपछि आफू र आफ्नो पार्टीका सांसदले राजीनामा दिएको, तर पछि संघीयता र संसदीय व्यवस्थामाथि नै प्रहार हुन थालेको आफूले पाएको बताएका हुन् ।

जेनजी आन्दोलनपछि आफूले मधेश खोज्न थालेपछि एक शीर्ष जेनजी नेताले आफूलाई धम्की दिएको उनले बताए । मधेश आन्दोलन त्यतिकै भएको होइन, मधेशले पहिचान त्यतिकै पाएको होइन, त्यसका लागि धैरैले बलिदानी दिएको राउतले बताए ।

मधेश आन्दोलनले ल्याएको समानुपातिक निर्वाचन प्रणालीले नै मधेशी, दलित, मुस्लिम, जनजातिहरु संसदसम्म पुगेको र समानुपातिक व्यवस्थाकै कारणले मधेशी, आदिवासी जनजाति, दलितलगायतका समुदायले मुलुकमा आरक्षण पाएको उनको भनाइ थियो ।

जेनजी आन्दोलनपछि नेपाली सेनाले देशको राजनीति आफ्नो हातमा लिएर सम्झौता गर्दा मधेशले कुनै ठाउँ नपाएको उनले बताए । उनले नेपाली सेनाले मधेशीलाई प्रधानमन्त्री किन नबनाएको भनी प्रश्न पनि गरे । उनका अनुसार मधेशबाट आवाज नउठेको भए जेनजी आन्दोलनपछि संघीयता पनि समाप्त हुन्थ्यो ।

तर पछिल्लो समय जेनजीले सरकारसँग गरेको सम्झौतामा मधेशी, थारु, आदिवासी जनजाति र दलितलगायतलाई सम्बोधन गरेकोले त्यो सकारात्मक रहेको उनको भनाइ थियो ।

त्यसैगरी राजनीति विश्लेषक सिके लालले जेनजी आन्दोलनमा मधेश कतै नदेखिएको बताएका छन् ।

विचार मन्थन कार्यक्रममा बोल्दै लालले जेनजी आन्दोलनमा मधेशी सहभागी भएपनि त्यसबाट केही नपाएको बताएका हुन् । जेनजी र सरकारबीच भएको सम्झौतामा मधेशी दर्शक भएर मात्र बसेको बताउदै उनले मधेशीलाई अझै नेपाली नमानेको बताएका हुन् ।

देशको अवस्था मधेशको अनुकूल नरहेको उनको भनाइ थियो । उनले अनुकूलताका लागि प्रतीक्षा गर्नबाहेक केही उपाय नरहेको बताए । नवयुवाले परिवर्तन गर्न चाहेका छन् तर त्यस्तो परिवर्तन कस्तो हुन्छ त्यो सोचनीय कुरा रहेको बताउँदै विश्लेषक लालले सन् १९९० मा जे अवस्था थियो त्यस्तै अवस्था अहिले पनि रहेको बताए ।

वर्तमान संविधान मधेशीको पक्षमा नरहेको बताउँदै उनले यो संविधान पुनर्लेखन नभएसम्म वा संशोधन नभएसम्म मधेसीको अधिकार सुरक्षित नहुने बताए । आगामी निर्वाचनबाट पनि मधेशीहरुलाई आफ्नो अधिकार प्राप्त नहुने भन्दै लालले अधिकारका लागि नयाँ ढंगले संघर्ष गर्नुपर्ने बताए ।

मधेशमा असल नेतृत्वको आवश्यकता छ र त्यस्तो नेतृत्व स्थापित हुन केही समय लाग्ने बताउँदै उनले नेतृत्व र नेता एकदिनमा नजन्मिने बताए ।

त्यसैगरी अर्का विश्लेषक तुलानारायण साहले हरेक आन्दोलनले राज्यसँग सम्झौता गर्ने गरेको तर ती सम्झौताहरुले मधेशलाई गौण राख्ने गरेको बताए ।

उनले हरेक आन्दोलनको नेता हुन्छ तर जेनजी आन्दोलनको नेता नै रहेको बताए । जेनजी आन्दोलनको एजेन्डा सुशासन र पुस्तान्तरका लागि भएको थियो तर त्यहाँ मधेश कहाँ छ भनी प्रश्न उठेको बताउँदै साहले जेनजी आन्दोलनपछि मधेशी दलमा पुस्तान्तरको कुरा नउठेको बताए ।

मधेश आन्दोलनले काठमाडौंमा आफ्नो स्थान खोजेको उनले बताए । तर जेनजी आन्दोलनपछि भएको सम्झौतामा मधेश कतै पनि नरहेको उनको भनाइ थियो ।

बाँकी पृष्ठ ७ मा

## लोसपा अध्यक्ष ठाकुरसँग उज्यालो नेपालका नेताहरूबीच भेटवार्ता



काठमाडौं । उज्यालो नेपाल पार्टीका राष्ट्रिय अध्यक्ष अनुप उपाध्यायसहितको टोलीले लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर भेटघाट गरेको छ । लोसपा नेपालको केन्द्रीय कार्यालय बबरमहलमा भएको भेटघाटमा समसामयिक राजनीतिक अवस्था, राष्ट्रिय मुद्दा, आपसी सहकार्य, तथा आगामी दिनमा लोकतान्त्रिक मूल्य, सुशासन र राष्ट्रिय हितका विषयमा सहकार्य गर्ने विषयमा गम्भीर छलफल भएको बताइएको छ । दुवै पक्षले आपसी समझदारी र सहकार्यलाई थप मजबुत बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## जसपा नेपाल र स्वाधीन मधेश जनअभियानबीच कार्यगत एकता



काठमाडौं । जनता समाजवादी पार्टी, नेपाल र स्वाधीन मधेश जनअभियानबीच कार्यगत एकता घोषणा भएको छ । दुबै पक्षले हाल कार्यगत एकता गरी संघर्षका कार्यक्रमहरू सँगै सञ्चालन गर्ने र भविष्यमा आवश्यकता अनुसार एकतासमेत गर्न सक्ने सहमति गरेका छन् ।

बुधबार जसपा नेपाल पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा आयोजित कार्यक्रममा दुबै पक्षले कार्यकत एकटा घोषणा गर्दै संयुक्त रूपमा संघर्ष अघि बढाउने सहमति गरेका हुन् । कार्यक्रममा जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादव र स्वाधीन मधेश जनअभियानका संयोजक कैलाश महतोले घोषणापत्रमा हस्ताक्षर गरेका छन् । कार्यगत एकता घोषणापत्रमा दुबै पक्षले पूर्ण समानुपातिक निर्वाचन प्रणाली स्थापनाका लागि संयुक्त संघर्ष गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । साथै स्थानीय तहलाई विकास निर्माणको प्रमुख आधारका रूपमा स्थापित गर्न दलबिहीन निर्वाचन प्रणालीको पक्षमा संघर्ष गर्ने सहमति भएको छ ।

घोषणापत्रमा नेपालको संविधान अधुरो, अपुरो तथा त्रुटिपूर्ण र विभेदकारी रहेको ठहर गर्दै त्यसको संशोधन, परिमार्जन तथा आवश्यक परे पुनर्लेखनका लागि संघर्ष जारी राख्ने उल्लेख छ । विविध जात, जाति, भाषा, धर्म, संस्कृति बाँकी पृष्ठ ७ मा

## 'बस' छापमा एकजुट हुन आह्वान



वीरगञ्ज । नेपाल संघीय समाजवादी पार्टीको पर्सा जिल्ला कमिटी गठनसम्बन्धी जिल्ला भेला वीरगञ्जमा भव्य रूपमा सम्पन्न भएको छ। पार्टीका पर्सा जिल्ला इन्चार्ज सोहेब अन्सारीको उपस्थितिमा तथा राकिब हुसेनको अध्यक्षतामा सम्पन्न भेलाले सर्वसम्मत रूपमा नयाँ जिल्ला कार्य समिति चयन गरेको हो।

भेलाले रियाज अहमदलाई जिल्ला अध्यक्षमा चयन गरेको छ। त्यसैगरी उपाध्यक्षमा विनोद पासवान र इमरान अली, सचिवमा सबनम खातुन, सह-सचिवमा मोहम्मद हारुन तथा नोर्से आलम चयन भएका छन्। सल्लाहकार समितिमा राकिब हुसेन, डाक्टर रकिफ र अब्दुल रौफलगायत अनुभवी व्यक्तित्वहरू समेटिएका छन्।

कार्यक्रमका प्रमुख अतिथिका रूपमा नेपाल संघीय समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष तथा पूर्वगृह राज्यमन्त्री मोहम्मद रिजवान अन्सारीको गरिमामय उपस्थिति रहेको थियो। विशिष्ट अतिथिका रूपमा मधेश प्रदेश संसदीय दलकी नेतृ तथा पूर्वगृह, सञ्चार तथा कानुनमन्त्री बिमला अन्सारी, केन्द्रीय सदस्य सुरेश हजरा लगायत केन्द्रीय तथा प्रदेशस्तरीय नेताहरूको उल्लेखनीय सहभागिता रहेको थियो। बाँकी पृष्ठ ७ मा

## उज्यालो नेपाल पार्टी र सर्वोदय पार्टीबीच चुनावी एकता घोषणा



काठमाडौं । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मध्यनजर गर्दै उज्यालो नेपाल पार्टी र सर्वोदय पार्टीबीच चुनावी एकता घोषणा भएको छ । यस साझेदारी अन्तर्गत, दुवै पार्टी संयुक्त रूपमा 'बलेको चिम' चुनाव चिन्ह प्रयोग गर्दै फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुने छन् ।

दुवै पार्टीबीच निरन्तर छलफलपछि राजनीतिक, वैचारिक र चुनावी सहकार्यलाई सुदृढ गर्ने सहमति भएको हो। उज्यालो नेपाल पार्टीका अध्यक्ष ई. अनुप कुमार उपाध्याय र सर्वोदय पार्टीका अध्यक्ष ई. दीपक कुमार साहको नेतृत्वमा यो एकता अघि बढाइएको छ ।

घोषणामा पछिल्ला वर्षहरूमा जनतामा सुशासन, समृद्धि, दिगो विकास, सामाजिक न्याय, इमानदार नेतृत्व र जनउत्तरदायी राजनीतिक विकल्पप्रति ठूलो आकांक्षा बढेको कुरा उल्लेख गरिएको छ। यस सहकार्यको उद्देश्य जेनजी आन्दोलनको मर्म र भावनालाई व्यवहारमा परिणत गर्दै जनतालाई सशक्त राजनीतिक विकल्प प्रदान गर्नु रहेको छ।

सम्झौताअनुसार, दुवै पार्टीले संयुक्त उम्मेदवारी दिन, उम्मेदवार चयन गर्दा जनप्रभावकारिता र इमानदारीको आधारमा निर्णय लिन र प्रचार-प्रसार, जनसम्पर्क, स्रोत साधन, स्वयंसेवक परिचालन र संयुक्त चुनावी घोषणापत्र तयार गर्ने कार्यहरू गर्ने छन्।

## नाउपा नेपाल र जेनजी २.० बीच एकता

काठमाडौं । नागरिक उन्मुक्ति पार्टी नेपाल (नाउपा नेपाल) र जेनजी २.० बीच औपचारिक पार्टी एकता भएको छ । काठमाडौंको सिनामंगलस्थित नाउपा नेपालको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा दुई दलबीच ६ बुँदे सहमतिमा हस्ताक्षर भएको हो।

सहमति पत्रमा नाउपा नेपालका तर्फबाट संरक्षक रेशम चौधरी र जेनजी २.० का तर्फबाट संरक्षक डा. हरि कार्कीले हस्ताक्षर गरेका छन्।

सहमति अनुसार जेनजी २.० नाउपा नेपाललाई अंगालेर अगाडि बढ्नेछ। पार्टीको नाम र चुनाव चिन्ह हाललाई यथावत् राखिने र आवश्यकता परे महाधिवेशनमार्फत परिमार्जन गरिने उल्लेख गरिएको छ। त्यस्तै,नाउपा नेपालको बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# परिवर्तित परिस्थितिमा मधेश

जेन्जी आन्दोलनपश्चात नेपालको राजनीतिक दिशाले नयाँ मोड लिएको छ । पुराना दलहरुको विकल्पमा अहिले नयाँ दल र नेताहरुबीच सहकार्य, मोर्चाबन्दी र एकताका लागि वार्ता र सम्वाद तीव्र भएको छ । पछिल्लो निर्वाचनबाट नेपालको राजनीतिमा उदाएको रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टी र काठमाडौं महानगरका मेयर बालेनबीच अहिले एकताको कुरा चलिरहेको छ । यस्तै अन्य नयाँ दलहरुबीच पनि सहकार्यका लागि वार्ताहरु भइरहेका छन् । दश वर्षअघि संविधानसभाबाट नयाँ संविधान जारी गर्दा मधेशलाई बेवास्ता गरिएको थियो । मधेशीहरुले यो संविधान अपुरो र अधुरो हो भन्दै गर्दा पनि ठूला दलहरुले बेवास्ता गरेका थिए । त्यसकै परिणामस्वरुप जेन्जी विद्रोहको रुपमा विष्फोटन भयो । काठमाडौंको सत्तामा पुग्ने एक मात्र बाटो मधेश भएकाले प्रमुख दलहरू बाध्य भएर मधेशको एजेन्डा बोक्न लागिपरेका छन् । किनभने नेपालको राजनीतिमा मधेशको कुरा नगरेर टिक्नै नसक्ने अवस्था छ । तराई-मधेशमा संविधानविरूद्ध उठेको आन्दोलनको सबैभन्दा निशानामा थिए एमाले थियो र अहिले पनि एमालेसहित सम्पूर्ण पूराना दलहरु छन् । अहिले निर्वाचनको मुखमा आफूमात्र मिधेशको हितैषी भएको दाबी गरिरहेको छ । हुन त मधेशमा उठेको आन्दोलनले सबै प्रमुख पार्टीको स्थितिमा ठूलो धक्का लागेको देखिन्छ ।

एमालेप्रति अहिले मधेश मात्र नभई पूरा देशमै निषेधात्मक मनस्थिति देखिन्छ । अन्य पार्टीहरूको हकमा पनि सकारात्मक वातावरण छैन । केन्द्रमा नेताहरूले जे-जस्तो अभिव्यक्ति दिए पनि मधेशमा रहेका प्राय:जसो सबै स्थानीय नेताहरूले कुनै न कुनै रूपमा अन्नत: मधेश आन्दोलनमा सहभागिता जनाका थिए । आन्दोलनसँगै प्रमुख पार्टी एमाले, कांग्रेस र माओवादीमा लागेका मधेशी समुदायका स्थानीय नेताहरू पार्टी परित्याग गरेको अवस्था थियो । मधेशी पार्टीहरूको विरोधका बाबजुद प्रमुख दलहरू कांग्रेस, एमाले र माओवादी एकमत भएर संविधान जारी गरेका थिए । संविधान जारी हुने प्रक्रिया शुरू भएसँगै मधेश आन्दोलित भयो । नाकाबन्दी हुँदै ६ महिना लामो बन्द हड्ताल भयो । संविधान जारी हुँदाका बखत मधेशी मोर्चाका कुरामा दम्भ नभएको बताएका प्रमुख दलका नेताहरूले आन्दोलनको राप र तापले संविधान कार्यान्वयन गर्नुपूर्व नै संशोधन गरेर मधेशलाई सम्बोधन गर्ने वचनवद्धता जनाएका थिए । खासमा प्रमुख दलहरूले संविधान जारी गर्दाकै गल्ती पुन: दोहोरयाइरहेका छन् । त्यसबेला पनि प्रमुख दलहरूले मधेशमा खासै आन्दोलन हुँदैन भनेर ठोकुवा गरेका थिए । त्यही भएर होला संविधान जारी गर्ने बेलामा मधेशी पार्टीहरूले विरोध गरेपछि प्रमुख दलले उनीहरूको हैसियतको समेत प्रश्न उठाएका थिए । तर, आन्दोलन चर्किएसँगै प्रमुख दलका नेताहरूको उपस्थिति मधेशमा निषेधात्मक अवस्थामा पुगेको देखियो ।

खासमा मधेशीहरूको आम बुझाइमा अहिले पनि प्रमुख दलहरू मधेशी विरोधी नै हुन् भन्ने देखिन्छ । एमालेप्रति त निषेधात्मक मनस्थिति अझै देखिन्छ भने काँग्रेस र माओवादी केन्द्रको हकमा समेत सकारात्मक वातावरण छैन । काठमाडौंमा बसेर ठूला दलका ठूला नेताहरूले जेसुकै बोलुन तर आम मधेशीहरू संविधानप्रति अपनत्व ठान्दैनन, यसका कारकका रूपमा प्रमुख दलहरूलाई जान्छ । नेपालको भौगौलिक बनोटका कारण मधेश र यहाँका दलहरूको शक्ति प्रदर्शन गर्ने थलो हिजो थियो, आज पनि छ र भोलि पनि रहने छ । यसको लागि यहाँको जनघनत्व र सुगमता कारक हो । जहाँ मतदाता बढी हुन्छन, त्यहाँ दलहरू शक्ति आर्जन गर्न केन्द्रित हुनु स्वभाविक हो । मधेशकेन्द्रित देखिन थालेका प्रमुख पार्टीहरूको मधेशसम्बन्धी धारणा मात्रै होइन कि त्यहाँ छिर्ने दाउ पनि आफ्नै खालको छ । खासगरी पछिल्लो समयमा मधेशमा आन्दोलन चर्केपछि प्रमुख दलहरूप्रति नकारात्मक धारणा मधेशमा एकाएक बढ्यो । अहिले सिर्जित नयाँ परिस्थितिमा मधेश कहाँ छ भन्ने प्रश्न उठेको छ । मधेशका दलहरुले आफ्नो अस्तित्वको खोजीमा रहेका छन् । विगतमा विभिन्न स्वार्थका कारण फुट्दै आएका दलहरुबीच एकीकरण र मोर्चाबन्दीको प्रयास भइरहेको छ । मधेशकेन्द्रित दलहरु यो बेलामा एक ठाउँमा आएन भने रवि लामिछाने वा बालेनले मधेशको मागलाई सम्बोधन गर्ने संकेत देखिँदैन । लामिछाने वा बालेनको दृष्टिकोण मधेशप्रति कहिल्यै पनि स्पष्ट छैन । तसर्थ, परिवर्तित परिस्थितिमा मधेशकेन्द्रि शक्तिहरु एकजुट हुनुको विकल्प छैन ।

# मधेशका जनताले अब प्रश्न गर्न सिक्नुपर्छ



प्रेमचन्द्र झा

**मधेशसँग सम्भावना छ, श्रमशक्ति छ, भूगोल छ, तर अभाव छ– दूरदृष्टि भएको नेतृत्वको। ठूलो सपना देख्ने, स्पष्ट विकास खाका बनाउने र दृढ इच्छाशक्तिका साथ काम गर्ने मुख्यमन्त्रीको आवश्यकता मधेशले आजसम्म महसुस गरिरहेको छ। यदि अब पनि शिक्षा, स्वास्थ्य, उद्योग र रोजगारीलाई प्राथमिकतामा नराख्ने हो भने मधेश अझै लामो समयसम्म पछाडि नै रहनेछ ।**

संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान लागू भएपछि मधेश प्रदेशले धेरैले कल्पना गरेको जस्तो परिवर्तन भोग्न सकेन। संघीयता मधेशका लागि अधिकार, पहिचान र समृद्धिको ढोका खोल्ने ऐतिहासिक अवसर थियो। जनताले आफ्नै प्रदेश सरकारबाट शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग र पूर्वाधार विकासमा ठोस सुधारको अपेक्षा गरेका थिए। तर संविधान कार्यान्वयनपछिको पहिलो चुनावदेखि हालसम्म आइपुग्दा मधेश प्रदेशको अवस्था हेर्दा प्रश्न उठ्छ– शासन प्रणाली फेरियो, सरकार फेरियो, मुख्यमन्त्री फेरिए, तर मधेश किन फेरिन सकेन ?

संघीयतापछिको पहिलो प्रदेश सरकारदेखि अहिलेसम्म मधेश प्रदेशले करिब आधा दर्जन मुख्यमन्त्री पाइसकेको छ। लालबाबु राउतबाट सुरु भएको यो यात्रा सरोज यादव, सतिशकुमार सिंह, जितेन्द्र सोनल, सरोज कुमार यादव हुँदै हालका मुख्यमन्त्री कृष्णप्रसाद यादवसम्म आइपुगेको छ। नाम, अनुहार र दल फेरिँदै गए, तर मधेशको वास्तविक अवस्था भने उही रहिरह्यो। धेरैलाई लाग्न थालेको छ– मधेश अझै पनि मोहन शमशेरकालीन सोच र व्यवस्थाबाट पूर्ण रूपमा मुक्त हुन सकेको छैन।

मधेश प्रदेशको शैक्षिक र आर्थिक अवस्था हेर्दा यो धारणा झन् बलियो बन्छ। विश्वको औसत साक्षरता दर करिब ८२ प्रतिशत पुगेको छ भने नेपालको साक्षरता दर पनि ७८ प्रतिशत नाघिसकेको छ। तर मधेश प्रदेशको औसत साक्षरता दर करिब ६६ प्रतिशतमा सीमित छ। यसले मधेश अझै पनि शैक्षिक रूपमा निकै पछाडि रहेको स्पष्ट देखाउँछ। शिक्षा नै विकासको मेरुदण्ड हो भन्ने मान्यता हुँदाहुँदै पनि मधेशमा शिक्षामा अपेक्षित सुधार देखिँदैन।

आर्थिक अवस्थाको चित्र झनै निराशाजनक छ। विश्वको प्रतिव्यक्ति औसत आय १० हजार डलरभन्दा माथि पुगेको छ। नेपालको प्रतिव्यक्ति आय करिब १,४८० डलर आसपास छ। तर मधेश प्रदेशको प्रतिव्यक्ति आय भने हजार डलरभन्दा तल रहेको छ। यसको अर्थ मधेशका धेरै नागरिक अझै गरिबीको दुष्चक्रमा अल्झिएका छन् र आर्थिक अवसरबाट वञ्चित छन्। संघीयताले प्रदेशलाई आफ्नो आर्थिक भविष्य आफैँ बनाउने अधिकार दिएको भए पनि त्यो अधिकार व्यवहारमा रूपान्तरण हुन सकेको छैन।

यी सबै अवस्थाको केन्द्रमा प्रदेश सरकारको नेतृत्व रहन्छ। प्रदेशको मुखिया अर्थात् मुख्यमन्त्रीले स्पष्ट भिजन, ठूलो सपना र दृढ इच्छाशक्ति बोकेको हुनुपर्छ। मधेशको समृद्धिका लागि दीर्घकालीन योजना बनाउने, कार्यान्वयनमा कठोर हुने र राजनीतिक स्वार्थभन्दा जनताको हितलाई प्राथमिकता दिने नेतृत्वको आवश्यकता थियो। तर अहिलेसम्म मधेशले पाएका मुख्यमन्त्रीहरूमध्ये कति जनामा यी गुण प्रस्ट देखिए भन्ने प्रश्न गम्भीर छ।

शिक्षा क्षेत्रमा मधेश प्रदेश अझै पनि संरचनागत समस्याबाट ग्रसित छ। सरकारी विद्यालयहरूको गुणस्तर कमजोर छ, शिक्षक व्यवस्थापन र तालिम प्रभावकारी छैन, अनुगमन प्रणाली कमजोर छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तारमा खासै ध्यान पुग्न सकेको छैन। विश्वविद्यालय र उच्च शिक्षाका अवसर सीमित हुँदा मधेशका युवाहरू अध्ययनका लागि अन्य प्रदेश वा विदेश जान बाध्य छन्। शिक्षा सुधार बिना दीर्घकालीन विकास सम्भव हुँदैन भन्ने कुरा बुझ्दा-बुझ्दै पनि प्रदेश सरकारले यसलाई पहिलो प्राथमिकतामा राख्न सकेको देखिँदैन।

स्वास्थ्य क्षेत्रको अवस्था पनि त्यस्तै छ। मधेशका धेरै जिल्लामा अस्पतालका भवन त छन्, तर पर्याप्त चिकित्सक छैनन्। कतै चिकित्सक छन् भने उपकरण छैनन्, कतै बजेट छ भने व्यवस्थापन छैन। सामान्य उपचार त स्थानीय तहमा सम्भव भए पनि गम्भीर बिरामीलाई आज पनि काठमाडौं वा भारत लैजानुपर्ने बाध्यता छ। यसले गरिब जनताको आर्थिक बोझ झन् बढाएको छ। स्वास्थ्य क्षेत्रमा सुधार ल्याउनुपर्ने प्रदेश सरकार र मुख्यमन्त्रीहरूको भूमिका प्रभावकारी देखिन सकेको छैन।

मधेश प्रदेश कुनै समय उद्योग र व्यापारको केन्द्र मानिन्थ्यो। तर आज प्रदेशका धेरै ठूला उद्योग बन्द अवस्थामा छन्। जनकपुर चुरोट कारखाना, श्रीराम चिनी कारखाना गरुडा, वीरगञ्ज चिनी कारखाना, वीरगञ्ज कृषि औजार कारखाना जस्ता उद्योगहरू सञ्चालनमा आउन नसक्दा हजारौं रोजगारी गुमेका छन्। यी उद्योग पुन: सञ्चालनमा ल्याउन सकिएको भए मधेशको आर्थिक अवस्था धेरै हदसम्म सुधारिन सक्थ्यो। तर उद्योग पुनर्जीवनका लागि आवश्यक राजनीतिक इच्छाशक्ति र स्पष्ट नीति प्रदेश सरकारबाट देखिन सकेन।

कृषि मधेशको सबैभन्दा ठूलो सम्भावना भएको क्षेत्र हो। मधेशलाई नेपालको अन्न भण्डार भनिन्छ। तर किसानहरू आज पनि मल, सिँचाइ, बीउ, प्रविधि र बजारको अभावमा संघर्ष गरिरहेका छन्। आधुनिक कृषि प्रणाली, एग्रो-इन्डस्ट्रि र कृषि उत्पादनमा आधारित उद्योग विकासमा प्रदेश सरकारले अपेक्षित ध्यान दिन सकेको छैन। किसानको आम्दानी नबढेसम्म मधेशको समग्र आर्थिक अवस्था सुध्रन सक्दैन।

मधेशसँग जोडिएका राष्ट्रिय गौरवका आयोजनाहरूले पनि प्रदेशको भविष्य निर्धारण गर्न सक्छन्। हुलाकी राजमार्ग, निजगढ-काठमाडौं द्रुत राजमार्ग र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता आयोजना मधेशको आर्थिक नक्सा नै परिवर्तन गर्न सक्ने क्षमता राख्छन्। तर यी आयोजनाहरू कछुवा गतिमा अगाडि बढिरहेका छन्। संघ सरकारसँग समन्वय गरेर यी परियोजनालाई गति दिनुपर्ने प्रदेश सरकार र मुख्यमन्त्रीहरूको भूमिका कमजोर देखिन्छ।

अन्तत: मधेश प्रदेशको समस्या स्रोतको मात्र होइन, नेतृत्वको पनि हो। मधेशसँग सम्भावना छ, श्रमशक्ति छ, भूगोल छ, तर अभाव छ– दूरदृष्टि भएको नेतृत्वको। ठूलो सपना देख्ने, स्पष्ट विकास खाका बनाउने र दृढ इच्छाशक्तिका साथ काम गर्ने मुख्यमन्त्रीको आवश्यकता मधेशले आजसम्म महसुस गरिरहेको छ। यदि अब पनि शिक्षा, स्वास्थ्य, उद्योग र रोजगारीलाई प्राथमिकतामा नराख्ने हो भने मधेश अझै लामो समयसम्म पछाडि नै रहनेछ।

संघीयताले मधेशलाई अवसर दिएको छ, तर अवसरलाई उपलब्धिमा रूपान्तरण गर्ने जिम्मेवारी नेतृत्वको काँधमा हुन्छ। अब प्रश्न मधेशको होइन, मधेशको नेतृत्वको हो। जब मधेशले भिजन, साहस र परिणाम दिने नेतृत्व पाउनेछ, तब मात्र मधेशको अनुहार साँच्चै फेरिनेछ।त्यसैले अब मधेशका नागरिकहरू पनि आत्मसमीक्षा गर्ने मोडमा उभिनु आवश्यक छ। केवल सरकार र मुख्यमन्त्रीलाई दोष दिएर मात्र समाधान निस्कँदैन। जनताले कस्तो नेतृत्व रोज्छन्, कस्तो राजनीति स्वीकार गर्छन् र कस्तो सोचलाई प्रोत्साहन गर्छन् भन्ने कुराले पनि मधेशको भविष्य निर्धारण गर्छ। चुनावका बेला पैसा, जात, दबाब वा क्षणिक लाभमा परेर भोट दिने प्रवृत्तिले दीर्घकालीन रूपमा मधेशलाई नै घाटा पुऱ्याउँदै आएको छ। जबसम्म मतदाताले आफ्नो मतको मूल्य बुझ्दैन, तबसम्म कमजोर नेतृत्व माथि पुगिरहनेछ।

मधेशमा राजनीति अझै पनि व्यक्तिकेन्द्रित र गुटगत स्वार्थमा अल्झिएको देखिन्छ। नीति, योजना र परिणामभन्दा पनि सत्ता प्राप्ति र जोगाउने खेल हाबी छ। मुख्यमन्त्रीहरू फेरिँदा पनि प्रशासनिक संरचना उस्तै रहन्छ, प्राथमिकता उस्तै रहन्छ र काम गर्ने शैली पनि उस्तै रहन्छ। यही कारणले सरकार फेरिँदा पनि जनताले अनुभूति गर्ने परिवर्तन शून्यजस्तै हुन्छ। संघीयताको मूल मर्म भनेकै स्थानीय आवश्यकता अनुसार नीति बनाउने र कार्यान्वयन गर्ने हो, तर त्यो मर्म मधेशमा पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन।

युवाहरूको अवस्था मधेशको अर्को गम्भीर पीडा हो। शिक्षा र रोजगारीको अवसर नपाउँदा मधेशका हजारौं युवा खाडी मुलुक, मलेसिया र भारततर्फ रोजगारीको खोजीमा पलायन हुन बाध्य छन्। श्रम बेचेर परिवार पाल्ने बाध्यतामा रहेका यी युवाहरूले आफ्नो क्षमता र ऊर्जा देशमै प्रयोग गर्न पाए मधेशको विकासले फरक गति लिन सक्थ्यो। तर प्रदेश सरकारले युवालाई लक्षित गरेर दीर्घकालीन रोजगारी र उद्यमशीलता कार्यक्रम ल्याउन सकेको देखिँदैन।

महिला, दलित र सीमान्तकृत समुदायको अवस्था पनि खासै सुधारिएको छैन। संघीयताले समावेशी शासनको कुरा गरे पनि व्यवहारमा पहुँच अझै सीमित वर्गमै केन्द्रित छ। शिक्षा, स्वास्थ्य र रोजगारीमा यी समुदाय अझै पछि परिरहेका छन्। मुख्यमन्त्री र प्रदेश सरकारले नीति निर्माणदेखि कार्यान्वयनसम्म यी समुदायलाई प्राथमिकतामा राख्न नसक्दा सामाजिक असमानता झन् गहिरिँदै गएको छ।

भ्रष्टाचार मधेश प्रदेशको विकासमा अर्को ठूलो बाधा बनेको छ। बजेट विनियोजनदेखि ठेक्का प्रक्रियासम्म पारदर्शिता कमजोर छ भन्ने गुनासो बारम्बार उठ्दै आएको छ। विकासका नाममा आएको बजेट सही ठाउँमा नपुग्दा योजनाहरू अधुरा रहने, गुणस्तरहीन बन्ने वा कागजमै सीमित हुने अवस्था देखिन्छ। मुख्यमन्त्रीले भ्रष्टाचारविरुद्ध कठोर नीति र उदाहरणीय कदम चाल्न नसक्दा प्रशासनिक बेथिति झन् मौलाउँदै गएको छ।

अब मधेशलाई चाहिएको राजनीति परिवर्तनको राजनीति हो, केवल सत्ता परिवर्तनको होइन। भाषण र नाराभन्दा माथि उठेर काम गर्ने नेतृत्वको खोजी मधेशले गरिरहेको छ। प्रदेशको विकासका लागि स्पष्ट रोडम्याप, समयसीमा र मापनयोग्य लक्ष्य तय गर्नुपर्ने समय आएको छ। शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र पूर्वाधारलाई प्राथमिकता क्षेत्र घोषणा गरेर दीर्घकालीन नीति बनाउन सकिए मधेशको अवस्था क्रमश: बदलिन सक्छ।

अहिले मधेश प्रदेश आज जहाँ उभिएको छ, त्यो अवस्था अचानक बनेको होइन। यो दशकौंको उपेक्षा, गलत नीति र कमजोर नेतृत्वको परिणाम हो। संघीयता कुनै जादुको छडी होइन, तर सही नेतृत्व पाएमा यो परिवर्तनको बलियो आधार बन्न सक्छ। अब पनि यदि हामीले सपना देख्ने, भिजन बोकेको र दृढ इच्छाशक्ति भएको नेतृत्व रोज्न सकेनौं भने मधेशको अवस्था फेरिन अझै धेरै समय लाग्नेछ।

मधेशको भविष्य अब सरकारको मात्र होइन, जनताको हातमा पनि छ। चेतनशील मतदाता, जवाफदेही नेतृत्व र परिणाममुखी राजनीति नै मधेशलाई पछाडिबाट अगाडि ल्याउने एकमात्र बाटो हो। जब यो चेतना व्यवहारमा उतारिन्छ, तब मात्र मधेशले संघीयताको वास्तविक स्वाद पाउनेछ र समृद्ध मधेशको सपना यथार्थमा बदलिनेछ।त्यसैले अब मधेशलाई अगाडि बढाउने बहस केवल आलोचनामा सीमित हुनु हुँदैन, समाधानको दिशामा मोडिनु आवश्यक छ। प्रदेश सरकार, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी वर्ग र सञ्चारमाध्यम सबैले आफ्नो-आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने समय आएको छ। मधेशको समस्या पहिचान भइसकेको छ, अब आवश्यक कुरा त्यो समस्याको समाधानका लागि सामूहिक इच्छाशक्ति हो।

प्रदेशको नेतृत्व गर्ने मुख्यमन्त्रीले सबैभन्दा पहिले दीर्घकालीन विकास दृष्टिकोण सार्वजनिक गर्नुपर्छ। पाँच वर्षे कार्यकाललाई मात्र लक्षित गर्ने होइन, कम्तीमा १०-२० वर्षपछिको मधेश कस्तो हुने भन्ने स्पष्ट खाका आवश्यक छ। शिक्षा क्षेत्रमा विद्यालय सुधार योजना, प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार, स्थानीय आवश्यकता अनुसार पाठ्यक्रम विकास जस्ता काम प्राथमिकतामा राख्नुपर्छ। यसमा राजनीतिक हस्तक्षेप होइन, विज्ञता र परिणामलाई आधार बनाउनुपर्छ।

स्वास्थ्य क्षेत्रमा प्रदेशस्तरीय रेफरल अस्पताललाई सक्षम बनाउने, जिल्लास्तरमै विशेषज्ञ सेवा उपलब्ध गराउने र आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने नीति अपरिहार्य छ। स्वास्थ्यकर्मीको स्थायित्व, उपकरणको व्यवस्थापन र अनुगमन प्रणाली बलियो नबनाएसम्म स्वास्थ्य सेवा कागजमै सीमित रहनेछ। यसका लागि मुख्यमन्त्री स्वयंले स्वास्थ्य सुधारलाई राजनीतिक एजेन्डा होइन, मानवीय एजेन्डा बनाउनु जरुरी छ।

उद्योग र रोजगारीको सवालमा मधेशसँग अपार सम्भावना छ। बन्द अवस्थामा रहेका पुराना उद्योगहरू पुन: सञ्चालन गर्न सार्वजनिक-निजी साझेदारीको मोडेल अपनाउन सकिन्छ। चिनी, कृषि प्रशोधन, कपडा, औजार र

बाँकी पृष्ठ ७ मा

# ‘सर्लाही-४ मा विगतमा जितेका सांसदहरुले धेरै वाचाहरु गरे तर एउटा पनि पूरा गरेनन्’

**महन्थ ठाकुर नेतृत्वको तत्कालीन तराई–मधेश लोकतान्त्रिक पार्टीको भ्रातृ संगठन तराई–मधेश विद्यार्थी फ्रन्टबाट राजनीतिक यात्रा सुरु गरेका युवा नेता मनिष मिश्र अहिले लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रीय महासचिव छन् । विद्यार्थी राजनीतिदेखि लोसपाको महासचिव पदमा आइपुग्दासम्म राष्ट्रिय राजनीतिमा उनी चिरपरिचित युवा नेताको रुपमा आफ्नो पहिचान स्थापित गराइसकेका छन् । देश र मधेशको राजनीतिबारे स्पष्ट विचार राख्ने नेता मिश्र आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सर्लाही निर्वाचन क्षेत्र नं. ४ बाट सिफारिस भएका छन् । पार्टीको साधारण सदस्यदेखि महासचिव पदसम्म आइपुग्दा आफूले आफ्नो क्षेत्रमा धेरै काम गरेको दाबी गरेका छन् । त्यहाँका जनताको सल्लाह र सुझावअनुसार आफूले सर्लाही ४ मा उम्मेद्वारी दिने तयारीमा रहेको उनले दाबी गरेका छन् । सर्लाही ४ को धरातलीय यथार्थ, समस्या र समाधानका उपायबारे लोसपाका महासचिव मिश्रसँग मधेशवाणीका कार्यकारी सम्पादक रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश:**



**मनिष मिश्र**

**महासचिव, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**० आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि सर्लाही-४ बाट तपाइँको नाम एकल उम्मेद्वारको रुपमा सिफारिस भएको छ, कतिको तयार हुनुहुन्छ चुनावी मैदानका लागि ?**

– आसन्न चुनावका लागि सर्लाही-४ बाट चुनाव लड्न म पूर्णरुपमा तयारी अवस्थामा छु । हाम्रो पार्टी पनि चुनावकै पक्षमा छ, अहिले मुलुकको आवश्यकता र एक मात्र विकल्प चुनाव नै हो । लोसपा सर्लाहीले निर्वाचन क्षेत्र नं. ४ बाट उम्मेद्वारको रुपमा मेरो एकल नाम सिफारिस गरेको हो । मैले यो क्षेत्रमा परिवर्तनका लागि सबैको सल्लाह सुझाव अनुसार नै उम्मेद्वारी दिने तयारीमा छु ।

**० तपाइँको चुनावी तयारी कस्तो छ ?**

– म प्रत्येक वडा र पालिकाहरुमा पुगेको छु । मेरो नाम सिफारिसबाट जनतामा धेरै नै उत्साह छ । जनताको उत्साह हेरेर म पनि उत्साहित भएको छु । नतिजा त अहिले भन्न मिल्दैन, तथापि राम्रो अवस्थामा छु । त्यो क्षेत्रमा मैले घुम्न जाँदा जुन किसिमको सकारात्मक सुझावहरु पाएँ त्यसले मलाई झन् हौसला प्रदान गरेको छ । त्यसैले म उत्साहित भएर अगाडि बढेको छु ।

**० सर्लाही-४ बाट डा.अमरेशकुमार सिंह लगातार जित्दै आउनुभएको छ, उहाँसँग प्रतिस्पर्धा गर्न कतिको चुनौति महसुस गर्दै हुनुहुन्छ ?**

– एउटा राम्रो पक्ष के हो भने सर्लाही-४ मा अहिले जति पनि उम्मेद्वारहरुको नाम बाहिर आइरहेका छन्, ती सबै टेष्टेड भइसकेका छन् । यस क्षेत्रबाट विगतमा धेरै जना माननीय र मन्त्रीहरु भइसकेका छन् र त्यहाँको अवस्थामा खासै सुधार भएको छैन । जनताले सबैलाई हेरिसकेका छन् । तिनीहरुले गरेका वाचा र कामहरु कति साँचो र झूठो हो भनेर जनताले हेरिसकेका छन् । म पार्टीको साधारण सदस्यदेखि अहिले महासचिवसम्म आइपुग्दा मैले बोल्नुभन्दा काम गरेर देखाएको छु । यसअघि जितेका सांसदबाट जनता निराश छन्, ठाउँमा उहाँको विरोध भइरहेको छ । अस्ति मन्त्री कुलमान घिसिङ पुल हेर्न जानुभएको थियो, उहाँकै अगाडि जनताले यसअघि जितेका सांसदको विरोध गरे । मान्छेले त्यतिकै विरोध गर्दैनन्, कहीं न कहीं पीडा हुन्छ । त्यहाँका जनतालाई एक किसिमले बधुवा मजदूर जस्तै बनाएर राखिएको छ । भोट लिने र पाँच वर्षसम्म जनतालाई बिर्सिहाल्ने । भर्खर जेन्जी आन्दोलन भयो र जनताभित्र पनि एक किसिमको आक्रोश छ । त्यसले गर्दा मलाई लाग्छ कि यसपालि जनताले परिवर्तन चाहेका छन् । यसपालि हाम्रो क्षेत्रमा कुनै पनि स्टन्ट, जातिवाद, पैसा, दबाब वा प्रभाव चल्नेवाला छैन । जनताको मनमा एक किसिमको विद्रोह उत्पन्न भएको अवस्था छ । किनकि बारम्बार विगतमा जितेका सांसदहरुले यो क्षेत्रमा केही पनि गरेका छैनन् । जनप्रतिनिधि भनेको सरकारको उपस्थिति देखाउने हो तर त्यहाँ सरकारको अनुभूति गर्न पाइएको छैन । मधेशवादी दलकै आन्दोलनले गर्दा अहिले देशमा संघीयता आएको छ र स्थानीय तथा प्रदेश सरकारको अनुभूति गर्न पाएका छन् ।

**० तपाइँले आफ्नो क्षेत्रमा के-के गर्नुभएको छ त ?**

– मैले आफ्नो क्षेत्रमा के-के गरें भनेर मैले भन्नुभन्दा पनि, त्यहाँका जनतालाई थाहा छ । मेरो क्षेत्रमा सात वटा पालिका छन् । मैले त्यहाँका जनसमुदायसँग जोडिएर काम गर्दै आएको छु, सबैले भन्छन् कि अब परिवर्तन हुनुपर्छ, नयाँ अनुहार चाहिन्छ । सबैले चुनाव जिते, विभिन्न वाचा गरे तर केही पनि पूरा गर्न सकेका छैनन् । यस क्षेत्रका जनता अहिले निरीहताको अवस्थामा छन् । त्यो क्षेत्रमा बिजुलीको समस्या थियो । त्यो बेला उमाकान्त झा ऊर्जामन्त्री र दीपेन्द्र द्विवेदी विद्युतको हाकिम हुनुहुन्थ्यो । मैले कैयौं पटक प्रयास गरेर ४० करोडभन्दा बढीको लागतमा गढैयामा सबस्टेशन स्थापना गर्न सफल भयौं । जसले गर्दा त्यो क्षेत्रमा आज कमसेकम बिजुलीको अवस्था राम्रो भएको छ । पहिला लालबन्दीबाट बिजुली आउँथ्यो र कुनै ठाउँमा पोल ढल्थ्यो भने पूरै बती बन्द हुन्थ्यो । त्यस्तै, मेरै पालिकामा प्रदेश सरकारको सहयोगमा खानेपानी लगेको छु । कैयौं ठाउँमा सडक निर्माणका लागि बजेटहरु लगेर काम भइरहेको अवस्था छ । मेरो गाउँ जहिले पनि वर्षायाममा डुबानको अवस्था थियो, त्यसलाई मैले विभिन्न निकायहरुसँग पहल गरेर व्यवस्थापन गरेको छु । मेरो क्षमताले भ्याएसम्म मैले धेरै काम गरेको छु ।

**० यदि तपाइँ सर्लाही-४ मा जित्नुभयो भने गर्नैपर्ने कामहरु के-के छन् ?**

– हाम्रो क्षेत्रमा सबभन्दा पहिले सुधार गर्नुपर्ने शिक्षा क्षेत्र हो । शिक्षा राम्रो भयो भने त्यसले धेरै कुरा निर्धारण गर्नेगर्छ । यहाँको शिक्षाको स्तर राम्रो छैन । चिट चोरी गरेर बच्चाहरु पास त हुन्छन् तर उसले लोकसेवामा प्रतिस्पर्धा गर्न सक्दैनन् । विभिन्न विद्यालयहरुमा अहिले पनि शिक्षकको अभाव छ । विद्यालयहरुमा शिक्षक भर्ना हुँदा प्रतिस्पर्धामार्फत योग्यलाई प्राथमिकता दिनुपर्छ । विद्यालयहरुमा भौतिक पूर्वाधारहरु लगभग ठिकठाक अवस्थामा छन्, केही प्राविधिक कुराहरु मिलाउनुपर्ने छ ।

अर्को कुरा समृद्धिको छ । जबसम्म हाम्रो बचत हुँदैन तबसम्म समृद्धि हुँदैन । हाम्रो बचतभन्दा बढी ऋण भइसकेको हुन्छ । यसको कारण के हो भने सबभन्दा बढी खर्च हाम्रो स्वास्थ्यमा भइरहेको हुन्छ । स्वास्थ्यमा केही समस्या भयो भने हाम्रोतिरका प्राय: मान्छेहरु भारत जानुपर्ने बाध्यता छ । अहिले हाम्रो यहाँ तीन तहको सरकार छ । हामीले राम्रोसँग प्रयास गर्न सक्यौं भने आधारभूत उपचारका लागि राम्रो प्रबन्ध गर्न सक्छौं । प्राथमिक उपचारका लागि सक्दो नि:शुल्क उपचार हुनुपर्छ, नभए न्यूनतम् खर्चमा होस् । यी कुराहरु भयो भने स्वास्थ्यमा जुन वर्षेनी लाखौं खर्चिने अवस्था हुन्छ, त्यो ह्वात्तै घट्छ । जसले गर्दा मानिसको बचत हुन्छ र सँगै समृद्धि पनि आउँछ । त्यसैले सकिन्छ भने स्वास्थ्यलाई नि:शुल्क गरौं, नभए न्यूनतम् शुल्कमा गुणस्तरीय सेवा उपलब्ध गराइनुपर्छ । सरकारले अहिले स्वास्थ्य क्षेत्रमा धेरै लगानी गरेको छ, त्यसको पहुँच जनतासम्म भयो कि भएन भन्ने निगरानी पनि हुनुपर्छ ।

त्यसैगरी, त्यो क्षेत्रमा आमूल परिवर्तन गर्ने सबभन्दा ठूलो कुरा कृषि हो । अहिले युवाहरु कृषिप्रति आकर्षित छैनन् । किनभने कृषिमा उत्पादन भइहाल्ने भने पनि त्यसको बजार व्यवस्थापन छैन । उखु खेतीमा अन्यभन्दा अलि बढी पैसा आउँछ । त्यसमा पनि किसानले उखु दिने तर समयमा मिल मालिकहरुले पैसा नदिने इतिहास छँदैछ । उखु खेतीमाथि मात्रै निर्भर नभएर अरु पनि बालीहरुको खोजी गर्ने, जुन बालीबाट बढीभन्दा बढी उत्पादन गर्न सकियोस् र आम्दानी गर्न सकियोस् । खेती गर्नका लागि हामीसँग युवा जनशक्ति चाहिन्छ । तर, हाम्रा युवाहरु विदेश पलायन भइरहेको अवस्था छ । युवाशक्तिलाई कृषिमा आकर्षण गर्न सकियो भने विदेशभन्दा बढी आफ्नै ठाउँमा राम्रो आम्दानी गर्न सक्छन् ।

शिक्षा, स्वास्थ्य र कृषिमा सुधार भइसकेपछि हाम्रो आम्दानीको स्रोत बढाउने उपाय भनेको पर्यटन क्षेत्र हो । बाहिरका पर्यटकलाई आफ्नो क्षेत्रमा कसरी तान्ने ? अहिले हाम्रो क्षेत्रमा आफ्नो नातागोता बाहेक कोही पनि आउँदैन । किनकि यहाँ त्यस्तै केही पर्यटकीय वा रमणीय ठाउँ छैन । जबसम्म बाहिरका मान्छे तपाइँको क्षेत्रमा आउँदैन, तबसम्म पर्यटकीय विकास सम्भव छैन ।

समग्रमा भन्नुपर्दा हाम्रो क्षेत्रमा योजनाबद्धरुपमा धेरै कामहरु गर्नुपर्ने अवस्था छ । मैले छोटकरीमा केही उदाहरणहरु दिएँ तर थुप्रै कामहरु गर्न सकिन्छ । त्यसका लागि मसँग योजनाहरु छन्, भिजन छन् र दृढता एवं इच्छाशक्ति पनि छ । मलाई मौका मिल्यो भने सबै कुरा पूरा गर्ने प्रयास गर्छु ।

**० तपाइँले स्वास्थ्य, शिक्षा, कृषि र पर्यटनमा धेरै कुरा गर्न सकिन्छ भन्नुभयो, तर सांसदसँग बजेट त हुँदैन । कसरी गर्नुहुन्छ ?**

– सांसदले विकास गर्ने होइन्, सांसद भनेको सरकार र जनताबीचको पुल हुन्छ । आफ्नो क्षेत्रका समस्याहरु वा गर्नुपर्ने कामहरुबारे सदन र सरकारसँग पुऱ्याउने हो । ती कुरा पूरा गराउनका लागि पहल गर्ने हो । हाम्रो क्षेत्रका समस्याहरु संसदमा आवाज उठाएर पूरा विश्वसामु पुऱ्याउने ठूलो माध्यम हुन्छ सांसद । सांसदले बजेट चलाउनै पर्दैन, त्यसका लागि तीन तहको सरकारहरु छन् । सांसदको काम हो नीति, नियम, ऐन, कानून बनाउने हो । एउटा नीति नियमले लाखौं जनतालाई समृद्ध बनाउनेतिर डोऱ्याउँछ । २०६४-६५ सालमा हाम्रै पाटीबाट शिक्षामन्त्री हुनुहुन्थ्यो, त्यो बेला प्रत्येक निर्वाचन क्षेत्रमा एउटा-एउटा साइन्स कलेट खोल्ने नीति ल्याइयो । त्यो नीतिले गर्दा साइन्स पढ्नका लागि बच्चाहरु बाहिर जाने अवस्था अन्त्य भयो । भनेपछि सांसदले कृषि, स्वास्थ्य, शिक्षा वा सिंचाइसम्बन्धी राम्रो नीति बनाइदियो भने धेरै हदसम्म समस्याहरु समाधान हुन्छन् । एउटा सांसदले चाह्यो भने आफ्नो क्षेत्रलाई उदाहरणीय बनाउन सक्छन् ।

## सञ्चारमन्त्रीलाई खुल्ला पत्र

# राज्यको बेवास्ताले धराशायी बन्दै पत्रकारिता



रमेश कुमार बोहोरा

माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू यो खुला पत्र कुनै संगठनको औपचारिक ज्ञापन पत्र होइन । यो देशभरका हजारौँ श्रमजीवी पत्रकार, साना लगानीमा सञ्चालित सञ्चारमाध्यम र स्वरोजगारमुखी मिडियाको दैनिकीसँग गाँसिएको पीडा, संघर्ष र राज्यद्वारा गरिएको दीर्घकालीन बेवास्ताको लिखित साक्ष्य हो । यो भावनाले होइन, तथ्यले बोल्ने दस्तावेज हो । आग्रहमा होइन, अधिकारका आधारमा प्रश्न उठाउने पत्र हो । र यो चेतावनी पनि हो । यदि समयमै सम्बोधन भएन भने नेपाली सञ्चार क्षेत्रको आधारस्तम्भ क्रमश: कमजोर हुँदै अन्तत: धराशायी हुने निश्चित छ ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको सचिवको तर्फबाट यस्तो खुला पत्र सार्वजनिक गर्न बाध्य हुनु स्वयंमा राज्य संयन्त्रप्रतिको गहिरो निराशाको प्रमाण हो । विगतमा मन्त्रालय, विभाग र सम्बन्धित निकायहरूसमक्ष पटक-पटक ज्ञापनपत्र बुझाइयो । छलफल भए, प्रतिबद्धता सुनियो । तर ती प्रतिबद्धता कागजमै सीमित भए । यही कार्यान्वयनहीनता र निरन्तर उपेक्षाले आज सञ्चार क्षेत्रलाई सार्वजनिक रूपमा प्रश्न गर्न बाध्य बनाएको छ ।

नेपालको राजनीतिक इतिहासमा सञ्चारमाध्यम केवल सूचना प्रवाह गर्ने माध्यम मात्र रहेनन् । २०४६ सालको जनआन्दोलनदेखि राजतन्त्रको अन्त्य, गणतन्त्र स्थापना, संविधान निर्माण, मधेस आन्दोलन, विभिन्न चरणका जनआन्दोलन हुँदै पछिल्लो जेनजी आन्दोलनसम्म आइपुग्दा हरेक परिवर्तनको केन्द्रमा पत्रकारिता उभिएको छ । सडकमा उठेका आवाज देशव्यापी बहसमा रूपान्तरण गर्ने, सामाजिक सञ्जालका प्रश्नलाई राष्ट्रिय एजेन्डा बनाउने र सत्ता संयन्त्रको निगरानी गर्ने काम पत्रकारिताले नै गऱ्यो । त्यही आन्दोलनको जगमा बनेका सरकारहरू आज सञ्चार क्षेत्रका आधारभूत मागप्रति मौन रहनु गम्भीर विडम्बना मात्र होइन ऐतिहासिक आत्मविरोध हो ।

कोभिड-१९ महामारीले विश्व अर्थतन्त्रलाई तहसनहस बनाउँदा नेपाल पनि अछुतो रहेन । तर यसको सबैभन्दा ठूलो र दीर्घकालीन मार साना लगानीमा सञ्चालित सञ्चारमाध्यम र तिनमा आश्रित श्रमजीवी पत्रकारले व्यहोरे । विज्ञापन बन्द भए, तलब अनियमित बन्यो, सञ्चार सामग्री महँगियो र श्रम ऐन कार्यान्वयन कागजमै सीमित रह्यो । यी समस्या महामारीसँगै जन्मिएका होइनन् । राज्यको दीर्घकालीन उदासीनता महामारीका बेला विस्फोट भएको यथार्थ हो ।

विडम्बना के हो भने महामारीकै उच्च जोखिममा रहेर सूचना संकलन गर्ने जिम्मेवारी पत्रकारहरूले नै वहन गरे । संक्रमितको संख्या, अस्पतालको अवस्था, अक्सिजनको अभाव, सरकारी निर्णयको निगरानी यी सबै काम सञ्चारकर्मीले निरन्तर गरे । यही पेशागत जिम्मेवारी निर्वाह गर्ने क्रममा सयौँ पत्रकार संक्रमित भए, दर्जनौँले ज्यान गुमाए । तर उनीहरूको योगदान राज्यद्वारा राहत, सुरक्षा नीति वा विशेष कार्यक्रममार्फत होइन, मौनतामार्फत मूल्याङ्कन गरियो । यो मौनता साधारण उपेक्षा होइन संस्थागत अन्याय हो ।

आज साना लगानीका पत्रपत्रिका, एफएम, अनलाइन र स्थानीय सञ्चारमाध्यम अस्तित्वकै लडाइँ लडिरहेका छन् । ठूला कर्पोरेट सञ्चारगृहहरू राज्य संयन्त्रको सहज पहुँचमा छन् । तर स्वरोजगारमुखी मिडिया राज्यका लागि अझै अदृश्यजस्तै छन् । यही असन्तुलनले सञ्चार क्षेत्रभित्र गहिरो विभाजन सिर्जना गरेको छ । जसको प्रत्यक्ष असर प्रेस स्वतन्त्रता र सूचनाको बहुलतामाथि परेको छ ।

माननीय मन्त्रीज्यू पछिल्लो समय गठन गरिएको विज्ञापन बोर्डप्रति सञ्चार क्षेत्रको अपेक्षा ठूलो थियो । सरकारी विज्ञापन पारदर्शी रूपमा वितरण हुनेछ र साना तथा स्वरोजगारमुखी मिडियाले बाँच्ने आधार पाउनेछन् भन्ने विश्वास थियो । तर व्यवहारमा बोर्ड संरक्षकभन्दा बढी कमिसन एजेन्टजस्तै देखिएको छ । लोककल्याणकारी विज्ञापनको नाममा ३ प्रतिशत कट्टा, समयमै भुक्तानी नहुनु र सरोकारवालाको सुझावलाई निरन्तर बेवास्ता गर्ने प्रवृत्तिले बोर्डको औचित्यमाथि गम्भीर प्रश्न उठाएको छ । यही कार्यशैली निरन्तर रहिरहने हो भने विज्ञापन बोर्ड सुधार होइन, खारेजीको विषय बन्नेछ । यो भावनात्मक निष्कर्ष होइन व्यवहारबाट प्रमाणित तथ्य हो ।

त्यसैगरी मिडिया काउन्सिल विधेयकमा समेटिएका प्रेस स्वतन्त्रताविरोधी प्रावधानहरू लोकतान्त्रिक मूल्य मान्यतासँग मेल खाँदैनन् । प्रेसलाई नियमनको नाममा दबाबमा राख्ने दफाहरू तत्काल खारेज हुनुपर्छ । स्वतन्त्र प्रेसमाथि नियन्त्रण होइन, संरक्षण राज्यको संवैधानिक दायित्व हो । यही स्वतन्त्र प्रेसले नै देशका ठूला परिवर्तनहरू सम्भव बनाएको इतिहास राज्यले बिर्सन मिल्दैन ।

पत्रकारलाई नि:शुल्क उपचार गर्ने सरकारको घोषणा आज पनि कागजमै सीमित छ । स्पष्ट कार्यविधि नहुँदा अधिकांश पत्रकार उक्त सुविधाबाट वञ्चित छन् । पत्रकारको स्वास्थ्य सुरक्षा सुनिश्चित नगरी जिम्मेवार पत्रकारिताको अपेक्षा गर्नु स्वयंमा अन्याय हो ।

साना लगानीमा सञ्चालित सञ्चारमाध्यमलाई जोगाउने कुनै ठोस कार्ययोजना अहिलेसम्म देखिएको छैन । कागज, क्यामेरा, ल्यापटप, विद्युतीय उपकरणजस्ता आधारभूत सामग्रीमा सहुलियत वा अनुदानको व्यवस्था नगरी सञ्चार क्षेत्र दीगो हुन सक्दैन । राज्यले अन्य उद्योगलाई राहत दिन सक्छ भने सञ्चारमाध्यम किन उपेक्षित रहनुपर्ने ? सूचना पनि उत्पादन हो, पत्रकार पनि श्रमिक हो, यो स्वीकारोक्ति नीतिमा स्पष्ट देखिनुपर्छ ।

स्थानीय र प्रदेश तहबाट वितरण हुने विज्ञापन अझै पनि पहुँच, सिफारिस र राजनीतिक नजिकताका आधारमा बाँडिँदै आएको यथार्थ लुकाउन मिल्दैन । समानुपातिक र पारदर्शी वितरणका लागि कडा नीतिगत हस्तक्षेप आवश्यक छ । लोककल्याणकारी विज्ञापनको रकम कम्तीमा ५० प्रतिशत नबढाई सञ्चार क्षेत्रको आर्थिक श्वासप्रश्वास सहज हुँदैन ।

श्रमजीवी पत्रकार ऐन ठूला सञ्चारगृहमा अझै कागजमै सीमित छ । बैंकिङ पेरोल र कर चुक्ता प्रमाणपत्र नबुझाएको कारण सयौँ पत्रकार सूचना विभागको परिचयपत्रबाट वञ्चित छन् । यो प्रशासनिक कमजोरी मात्र होइन, प्रत्यक्ष अधिकार हनन हो । मन्त्रालय, सूचना विभाग र नेपाल पत्रकार महासंघ सम्मिलित उच्चस्तरीय संयन्त्र गठन गरी प्रभावकारी अनुगमन नगरी यो समस्या समाधान हुन सक्दैन ।

त्यसैगरी श्रमजीवी पत्रकारका समस्या समाधान नगर्ने सञ्चारगृहलाई दिइएको सफ्ट लोन दुरुपयोग भएको आशंका गम्भीर छ । यसको निष्पक्ष छानबिन आवश्यक छ । सार्वजनिक स्रोतको दुरुपयोगमाथि प्रश्न उठाउनु पत्रकारिताको धर्म हो र त्यसको जवाफ दिनु राज्यको दायित्व ।

जेष्ठ पत्रकारका लागि सुरु गरिएको जीवनवृत्ति भत्ता सकारात्मक कदम हो । तर ५० वर्ष उमेर पुगेका वा ३० वर्षभन्दा बढी समय पत्रकारिता गरेका अग्रज सञ्चारकर्मीका लागि मासिक जीवन निर्वाह भत्ताको व्यवस्था गर्नु सामाजिक न्यायको विषय हो । उनीहरूले जीवनभर समाजलाई सूचना दिए । अब राज्यले उनीहरूको जीवन सुरक्षित गर्नुपर्छ ।

प्रेस काउन्सिलको वर्गीकरण प्रक्रिया पनि पुनरावलोकन आवश्यक छ । एकपटक वर्गीकरणमा परेपछि कम्तीमा १० वर्षसम्म पुन: वर्गीकरणमा नपर्नुपर्ने व्यवस्था र नयाँ प्रकाशनलाई पहिलो वर्षमै वर्गीकरणमा समेट्ने नीति अवलम्बन नगरी साना र नयाँ मिडियाले बाँच्ने अवसर पाउँदैनन् ।

नि:शुल्क इन्टरनेट, एक सञ्चारगृह एक सवारी साधन, भन्सार छुट, दुर्घटना बीमालाई जीवन बीमामा रूपान्तरण, समावेशी सञ्चार नीति, नेपाल पत्रकार महासंघको परिचयपत्रलाई सरकारी मान्यता यी माग विलासिता होइनन् । यी पत्रकारिताका न्यूनतम आधार हुन् ।

माननीय मन्त्रीज्यू यो खुला पत्र सत्ता विरोध होइन । यो उत्तरदायित्वको स्मरण हो । जेनजी आन्दोलनदेखि आजसम्म भएका परिवर्तनहरूमा पत्रकारिताले खेलेको भूमिका इतिहासले प्रमाणित गरिसकेको छ । त्यही आन्दोलनको बाटोबाट बनेको सरकारले आज पत्रकारका जायज मागप्रति उदासीन रहनु गम्भीर आत्मविरोध हो ।

यदि आज साना लगानीका मिडिया ढले भने भोलि लोकतन्त्र कमजोर हुनेछ । प्रेस स्वतन्त्रता भाषणमा होइन नीतिमा देखिनुपर्छ । आश्वासन होइन, कार्यान्वयन चाहिएको छ । अब पनि ढिलाइ भयो भने इतिहासले प्रश्न गर्नेछ राज्य मौन रहँदा पत्रकारिता किन कमजोर बनाइयो ?

यसैले हामी आशा मात्र होइन, उत्तरदायित्वसहितको ठोस र तत्काल पहलको अपेक्षा गर्दछौं ।

*(लेखक :- बोहोरा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन् ।)*

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# मधेशको मनोविज्ञान छाम्दै डा. डिला



काठमाडौं । नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं अध्ययनशील नेतृ डा. डिला संग्रौला पन्त मधेशको यात्रामा छिन् ।

गत भदौ २३-२४ को जेनजी आन्दोनलपछि बनेको सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा गरेसँगै देशमा चुनाव हुने वातावरण बन्दै गएको छ। यसबीचमा नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले यही पुस २६-२८ गते पार्टीको १५ औं महाधिवेशनको मिति पनि तय गरेको छ ।

नेपाल महिला संघको सफल नेतृत्व गरिसकेकी पन्त पार्टीमा केन्द्रीय सदस्यको भूमिका पनि प्रभावकारी ढंगले निर्वाह गर्दै आएकी नेतृत्व हुन् । यसैगरी पछिल्लो समय १५ औं महाधिवेशनको मितिका सन्दर्भमा स्पष्टरुपमा निर्धारित मितिमा नियमित महाधिवेशनको पक्षमा उनले अडान राखेकी थिइन् । उनीसहित २८ जना केन्द्रीय सदस्यले पार्टी कार्यालयमा ज्ञापनपत्र नै बुझाएका थिए । अहिले पार्टीले महाधिवेशनको मिति तोकेपछि उनी आफ्ना गतिविधिलाई मधेश केन्द्रीत गरेकी छन् । आगामी महाधिवेशनमा पदाधिकारीमा प्रतिस्पर्धा गर्ने तयारी गरेकी उनले सप्तरी, सिराहा, महोत्तरी, सर्लाही र धनुषाको भ्रमण पूरा गरेकी छिन् भने बाँकी जिल्लाको पनि सोमबारसम्म भ्रमण पूरा गर्ने जानकारी दिइन् । उनले मधेश नेपाली कांग्रेसको आधारभूमि भएकाले शीत लहरका बावजुद पनि आफू मधेश यात्रामा रहेको बताइन् । उनले भनिन् 'मैले जिल्ला जिल्लामा साथीहरुसँग छलफल गरेर कसरी नेपाली कांग्रेसलाई रुपान्तरण गर्ने भन्ने विषयमा छलफल गरी रहेकी छु ।' 'मधेश नजागी कांग्रेस ब्युँझदैन र कांग्रेस नब्युँझी लोकतन्त्र सुरक्षित हुँदैन,' उनले भनिन् ।

पछिल्लो समय मधेशमा उदाएका नयाँ शक्तिहरू र क्षेत्रीय दलहरूको प्रभावका बीच कांग्रेसको संगठनमा देखिएको सुस्ततालाई चिर्नु अहिलेको आवश्यकता रहेको उनको भनाई छ । कांग्रेसले मधेशलाई 'भोट बैंक' को रूपमा मात्र नभई 'विचारको केन्द्र' का रूपमा हेर्नु पर्नेमा उनको जोड छ ।

नेपाली कांग्रेसको १५ औं महाधिवेशन नजिकिँदै गर्दा पार्टीभित्र गुटबन्दी र आन्तरिक वैमनस्यताको अन्त्य गरी गुटबन्दीभन्दा माथि उठेर 'नीति र विचारको कांग्रेस' बनाउनु पर्नेमा उनले जोड दिइन् ।

उनले भनिन्, '१५ औं महाधिवेशन केवल नेतृत्व परिवर्तनको माध्यम मात्र होइन, यो कांग्रेसलाई २१ औं शताब्दीको गति र प्रविधिसँग जोड्ने अवसर पनि हो । त्यसैले हामीलाई पद मात्र होइन, जनताको विश्वास जित्ने संगठन चाहिएको छ ।'

उनले पार्टीभित्र क्रियाशील सदस्यताको वितरणलाई पारदर्शी बनाउन सबैले खबरदारी गर्नु पर्नेमा जोड दिइन् ।

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन कांग्रेसका लागि प्रतिष्ठाको लडाइँ बनेको इंगित गर्दै सुझबुझपूर्ण नेतृत्व नै आजको आवश्यकता रहेको उनले बताइन् ।

डा. संग्रौलाले आफ्नो भ्रमणलाई राजनीतिक भेटघाटमा मात्र सीमित नगरी मधेशको सांस्कृतिक र आर्थिक पाटोलाई पनि मसिनोसँग केलाउने गरेकी छिन् । उनी भन्छिन्, 'मधेश आर्थिक समृद्धिको ढोका हो, तर यहाँका किसान सधैं मल र बीउको अभावमा छट्पटिनु दुखद छ ।' संघीयताको सफल कार्यान्वयनका लागि प्रदेश सरकारलाई थप अधिकार सम्पन्न बनाउनुपर्ने र स्थानीय निकायमा सुशासन कायम गर्नु पर्नेमा उनले जोड दिइन् । यसैगरी दलित, मुस्लिम, मधेशी र पिछडिएको वर्गको प्रतिनिधित्व बिनाको कांग्रेस पूर्ण नहुने उनको तर्क छ । उनले भनिन्, "सबै अट्ने कांग्रेस बनाउनु नै अहिलेको मुख्य चुनौती हो ।'

# निर्वाचन लक्षित संगठन सुदृढीकरणमा नेपाल संघीय समाजवादी पार्टी



बारा । बारा जिल्लाअन्तर्गत स्वर्ण गाउँपालिका वडा नं. ६ चौरहियामा नेपाल संघीय समाजवादी पार्टीको एक महत्वपूर्ण संगठनात्मक कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि पार्टीका राष्ट्रिय अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री मोहम्मद रिजवान अन्सारी रहेका थिए भने विशिष्ट अतिथि पार्टीकी संसदीय दलकी नेता तथा पूर्वगृह, सञ्चार तथा कानुन मन्त्री बिमला अन्सारीको उपस्थिति रहेको थियो। कार्यक्रमको अध्यक्षता मोकादम मियाले गरेका थिए ।

कार्यक्रमबाट पार्टी संगठनलाई थप मजबुत बनाउने उद्देश्यसहित बारा जिल्लाको पुन: जिल्ला कमिटी गठन गरिएको छ। नवगठित जिल्ला कमिटीको अध्यक्षमा नुरुल्ला मिया अन्सारीलाई चयन गर्दै उत्तरदायी, समावेशी तथा एकाउन्टेबल सदस्यीय कमिटी गठन गरिएको जानकारी दिइयो।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय अध्यक्ष मोहम्मद रिजवान अन्सारीले पार्टीलाई आगामी राजनीतिक चुनौतीका लागि तयार पार्न संगठन सुदृढीकरण अपरिहार्य रहेको उल्लेख गरे । उनले विशेषगरी आउँदो फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गरी पार्टीका सबै तहका नेता तथा कार्यकर्तालाई गाउँ-टोलसम्म सक्रिय रूपमा परिचालित हुन निर्देशन दिए ।

साथै, अध्यक्ष अन्सारीले यही महिनाको पुस २० गते मलंगवामा आयोजना हुने आमसभालाई ऐतिहासिक र सन्देशमूलक बनाउने गरी अधिकतम सहभागिता सुनिश्चित गर्न सबै नेता तथा कार्यकर्तालाई स्पष्ट निर्देशन दिए ।

कार्यक्रममा बोल्दै विशिष्ट अतिथि बिमला अन्सारीले पार्टी जनताको हक, अधिकार र समावेशी लोकतन्त्रको पक्षमा दृढतापूर्वक उभिएको बताइन् । उनले भनिन्, "नेपाल संघीय समाजवादी पार्टी केवल सत्ताका लागि होइन, उत्पीडित, पछाडि पारिएका समुदायको न्याय र अधिकार सुनिश्चित गर्न संघर्षरत पार्टी हो। संगठनलाई तलसम्म मजबुत बनाएर जनताको विश्वास जित्नु नै आजको मुख्य आवश्यकता हो।"

अन्सारीले पारदर्शी नेतृत्व, जवाफदेही संगठन र जनमुखी राजनीति नै पार्टीको मूल शक्ति भएको उल्लेख गर्दै सबै नेता-कार्यकर्तालाई अनुशासित र जिम्मेवार ढंगले अघि बढ्न आग्रह गरिन् ।

कार्यक्रममा सहभागी वक्ताहरूले पार्टीको नीति, विचार र संगठन विस्तारलाई पारदर्शी, लोकतान्त्रिक र राष्ट्रिय आवश्यकताअनुकूल ढंगले अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका

धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका

सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका

महोत्तरी, मधेश प्रदेश



# योगदानकर्ताहरूलाई विदेह सामुदायिक संस्थाको सम्मान

जनकपुरधाम । विदेह सामुदायिक संस्थाले विदेह नगरपालिका अन्तर्गत विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्मान गरेको छ। संस्थाले शनिबार विदेह नगरपालिका वडा नं. ९, इटहर्वास्थित पाण्डेय टोलको रामजानकी मन्दिर तथा धर्मशालामा आयोजना गरिएको विशेष कार्यक्रममा उनीहरूलाई फुलमाला र अविर लगाएर सम्मान गरेको हो।



सम्मान कार्यक्रम विदेह नगरपालिकाका सम्मानित व्यक्तित्व राघवेन्द्र चौधरी (राघो मुखिया)को अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा जनकपुरधाममा दुःखी तथा गरिब समुदायको सेवामा सक्रिय रहँदै नेपाल-भारत मैत्री सम्बन्ध सुदृढ बनाउन योगदान पुऱ्याएको भन्दै क्लोथ बैंक नेपाल तथा नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा. राजीव झालाई विशेष रूपमा सम्मान गरिएको थियो।

सम्मान ग्रहण गर्दै राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय उपाध्यक्षसमेत रहेका डा. झाले यस सम्मानले आफूलाई थप जिम्मेवारी बोध गराएको बताए। उनले क्षेत्रवासीहरूले गरेको कदरलाई इमानदारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे।

डा. झाले भने, "म कुनै औपचारिक जिम्मेवारीमा नरहेकै अवस्थामा पनि पार्टी अध्यक्ष राजेन्द्र महतो क्षेत्र नं. ३ का सांसद रहँदा यस टोलमा मन्दिर तथा धर्मशाला निर्माणदेखि सडक निर्माणका लागि करोडौं रुपैयाँ बजेट विनियोजन गराउन सफल भएको थिएँ। चिसो महिनामा दलित समुदायलाई कम्बल वितरणलगायतका सामाजिक कामहरू पनि सम्पन्न भएका छन्। यदि म जिम्मेवारीमा आएँ भने यसभन्दा अझ बढी काम गर्नेछु।"

उनले आगामी प्रतिनिधिसभा निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नं. ३ बाट उम्मेदवारी दिने तयारीमा रहेको उल्लेख गर्दै सबैको साथ र सहयोग पाए उम्मेदवारका रूपमा अगाडि बढ्ने स्पष्ट पारे।

इटहर्वास्थित प्राणेश्वर महादेव मन्दिरका महन्त शिव नारायण पुरीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नगरपालिकामा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका जयप्रकाश कुसयैत, विनोद ओझा, प्रेमचन्द्र झा, राजेन्द्र झा, विनय कुसयैत, जिबछ तिवारी, जागेश्वर राउत, जुमराती नदाफ, सियालाल पास्वान, कुसे मण्डल, श्रावण कुसयैत, रत्नेश मण्डल, वीरेन्द्र सिंह, रसुल कबारी, सुखी ठाकुर, सत्रोहन ठाकुर, रामहृदय साह, अवधेश तिवारी, रामचन्द्र मण्डल, सत्यनारायण पाण्डे, सहदेव यादव, अशोक कामती, अरबिन्द कुमार ठाकुर, पप्पु ठाकुर, हेमशंकर ठाकुरलगायतलाई पनि सम्मान गरिएको थियो।

संस्थाका प्रतिनिधि उदय पाण्डेयले सञ्चालन गरेको कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टीका जिल्ला उपाध्यक्ष विनोद ठाकुर, जिल्ला समन्वय समितिका पूर्व उपसभापति दीपक झालगायतको उल्लेखनीय उपस्थिति रहेको थियो।

# बंगलादेशमा दिपुचन्द्र दासको भएको हत्या जघन्य अपराध : जनअधिकार पार्टी



काठमाडौं । बंगलादेशमा अल्पसंख्यक समुदायका युवा दिपुचन्द्र दासको भीडद्वारा गरिएको निर्मम हत्याको जनअधिकार पार्टीले कडा निन्दा गरेको छ । जनअधिकार पार्टीका राष्ट्रिय अध्यक्ष डा.शरदसिंह यादवले आइतबार प्रेस विज्ञप्ति जारी गरी मेमनसिंह जिल्लाका २७ वर्षीय हिन्दु युवा गार्मेन्ट मजदुर दासलाई आधारहीन आरोप लगाउँदै भीडले कुटपिट गरी हत्या गरेको र पछि शवलाई पेट्रोल छर्केर आगो लगाइएको घटनालाई अमानवीय तथा जघन्य अपराधको रूपमा उल्लेख गरेका छन् ।

'यस्तो अपराध कुनै पनि दृष्टिले कानुनी शासनभित्र पर्न सक्दैन र यो सम्पूर्ण मानवताविरुद्धको अपराध हो,' अध्यक्ष डा.यादवले विज्ञप्तिमा भनेका छन् । जनअधिकार पार्टीले घटनामा संलग्न सबै दोषीलाई कडा कारबाही गर्न तथा अल्पसंख्यक समुदायको जीवन र अधिकारको सुनिश्चितता गर्न बंगलादेश सरकारसँग माग गरेको छ । विज्ञप्तिमा अल्पसंख्यक समुदायको बाँचेको अधिकार सुनिश्चित गर्न, पीडित परिवारको सुरक्षा र उचित क्षतिपूर्ति प्रदान गर्नसमेत जोडदार माग गरिएको छ।

पार्टीले मानवअधिकार संरक्षण राज्य, राजनीतिक दल, नागरिक समाज र आम नागरिकको साझा जिम्मेवारी भएको उल्लेख गर्दै हिंसा, अन्याय र विभेदविरुद्ध निरन्तर आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गरेको छ। विज्ञप्तिमा शान्तिपूर्ण, न्यायपूर्ण र मानवअधिकारमैत्री समाज निर्माणप्रति पार्टी सधैँ प्रतिबद्ध रहने स्पष्ट पारिएको छ।

# हत्याविरुद्ध बंगलादेशी दूतावास घेराउ

काठमाडौं । बंगलादेशमा जिहादी समूहद्वारा हिन्दू युवा दीपु चन्द्र दास को निर्मम हत्या गरिएको घटनाको विरोधमा राष्ट्रिय एकता अभियानले काठमाडौंस्थित बंगलादेशी राजदूतावास घेराउ गर्दै विरोध प्रदर्शन गरेको छ। प्रदर्शनकारीहरूले "अल्पसंख्यकको सुरक्षा ग्यारेन्टी गर", "मानवअधिकारको सुरक्षा गर", "हिन्दूको हत्या बन्द गर" जस्ता नारा लगाउँदै बंगलादेश सरकारको कडा आलोचना गरे। साथै "मोहम्मद युनुस सरकार मुर्दावाद", "बंगलादेश मुर्दावाद", "बंगलादेश दूतावास खारेज गर" जस्ता नारासमेत घन्काएका थिए।

प्रदर्शनलाई सम्बोधन गर्दै समाजसेवी माधव सिंहले बंगलादेशमा हिन्दू तथा अन्य अल्पसंख्यकमाथि बढ्दो हिंसा गम्भीर मानवअधिकार उल्लङ्घन भएको बताए। उनले भने, "धर्म र पहिचानका आधारमा निर्दोष नागरिकको हत्या हुनु सभ्य समाजका लागि लज्जास्पद कुरा हो। अन्तर्राष्ट्रिय समुदायले अब मौन बस्न मिल्दैन।"

त्यसैगरी, राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले बंगलादेश सरकार अल्पसंख्यकको सुरक्षामा पूर्ण रूपमा असफल भएको आरोप लगाए। उनले भने, "हिन्दू समुदायमाथि लक्षित हिंसा राज्यकै कमजोरी र संरक्षणबिना सम्भव हुँदैन। यदि तत्काल अल्पसंख्यकको सुरक्षा सुनिश्चित गरिएन भने अन्तर्राष्ट्रिय स्तरमा दबाब सिर्जना गरिनुपर्छ।" यादवले नेपाल सरकारलाई पनि कूटनीतिक माध्यमबाट बंगलादेश सरकारसमक्ष कडा आपत्ति जनाउन आग्रह गरे।

प्रदर्शन शान्तिपूर्ण भए पनि वातावरण तनावपूर्ण बनेको थियो। प्रदर्शनकारीहरूले बंगलादेश सरकार प्रमुख मोहम्मद यूनुसको तस्वीर जलाएका थिए। बंगलादेशमा हिन्दूहरूमाथि भइरहेको हिंसा तुरुन्त रोक्न, दोषीलाई कडा कारबाही गर्न र अल्पसंख्यक समुदायको सुरक्षाको ठोस ग्यारेन्टी गर्न माग गरेका छन्।

# 'उज्यालो नेपालले दलित समुदायबाट पहिलो राष्ट्रपति र प्रधानमन्त्री बनाउँछ'



काठमाडौं । उज्यालो नेपाल पार्टीले पहिलो राष्ट्रपति र प्रधानमन्त्री बनाउने बताएको छ । शनिबार राजधानीको संवाद डबलीमा पार्टीका युवा नेता किरण बिकले कार्यक्रम गरि दलित समुदायबाट राज्यको शिर्षस्थानमा नहुँदा न्याय नपाएको भन्दै आफ्नो पार्टीले आउँदो चुनावमा मुख्य एजेण्डा बनाउनेसमेत जनाए ।

बिकले देशभर रहेका करिब ७० लाख दलितलाई अधिकार दिने राजनीतिक कार्यदिशा रहेको बताउँदै भने,"मुख्य पुराना दलहरुले दलित समुदायलाई सत्तामा पुग्ने भर्याङ र भोट बैंकको रूपमा मात्र प्रयोग, तर उज्यालो नेपाल पार्टीले उनिहरुलाई निर्णायक नेतृत्वमा पुर्उने छ ।"

उनले जेन्जी आन्दोलनका क्रममा भएका दलित सहिद तथा दलित घाइतेको उच्च सम्मान गरिने र उनीहरूको सम्मानमा विशेष कार्यक्रम ल्याइने प्रतिबद्धता जाहेर गरे । "उज्यालो नेपाल पार्टीले अवलम्बन गरेको सामुदायीक समाजवाद नै दलित समुदायको हक-हितको संरक्षण, सामाजिक न्याय सुनिश्चित र दलित विभेदको अन्त्य गर्ने प्रभावकारी राजनीतिक दर्शन हो," बिकले भने ।

उनले एमाले, कांग्रेस र माओवादी जस्ताः पुराना दलहरूले दलित समुदायलाई वास्तविक राजनीतिक अवसर नदिई भोटको मात्र दुरुपयोग गरेको आरोप लगाए । सुशासनलाई आधार बनाएर उज्यालो नेपाल पार्टीले निजामती सेवा, प्रहरी, पुरस्कार प्रणाली, अदालत तथा गैरसरकारी संस्थाहरूमा दलितको सहभागिता सुनिश्चित गर्ने र त्यहाँ हुने विभेदविरुद्ध कडा कारबाही गर्ने नीति लिएको उनले बताए । "देश धनी भएपछि दलितमा लगानी गर्ने होइन, सुरुबाटै दलित समुदायमाथि लगानी गरे देश आफैँ धनी हुन्छ," भन्दै उनले दलितलाई गरिब बनाएर देश समृद्ध बन्न नसक्ने स्पस्ट पारे ।

आगामी फागुन २१ गते हुने निर्वाचनमा करिब ७० लाख दलित उज्यालो नेपाल पार्टीको पक्षमा उभिने विश्वास व्यक्त गर्दै बिकले दलितको नाममा खोलिएका छुट्टै दलहरूले थ्रेसहोल्ड मतसमेत कटाउन नसक्ने दाबी गरे । छुट्टै दलित पार्टी खोल्नुले दलित आन्दोलनलाई मूलधारबाट बञ्चित गराउने भएकाले त्यसको आवश्यकता नरहेको उनको भनाइ थियो ।

दलित मुक्ति समाजका अन्य समुदायसँग सहकार्य गरेर मात्र सम्भव हुने उल्लेख गर्दै उनले उज्यालो नेपाल पार्टीको चुनाव चिन्ह बलिरहेको चिममा भोट हाल्न सम्पूर्ण दलित समुदायलाई आग्रह गरे । नयाँ पार्टी भएकाले उज्यालो नेपाल पार्टीमा आबद्ध हुने दलित समुदायका व्यक्तित्वहरूले छिटो र व्यापक राजनीतिक अवसर पाउने पनि उनले मिडियाकर्मीहरूसँग बताए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# डा. उपाध्यायलाई भारतमा प्रतिभाश्री अवार्ड

काठमाडौं । विश्व कीर्तिमानी गीतकार तथा उपन्यासकार डा. डीआर उपाध्यायलाई प्रतिभाश्री अवार्ड प्रदान गरिएको छ । भारतको लखनउमा भएको एक विशेष समारोहमा डा. उपाध्यायलाई उक्त अवार्ड प्रदान गरिएको हो । त्यहाँका सांसद र विशिष्ठ व्यक्तित्वहरूको उपस्थितिमा उक्त अवार्ड प्रदान गरिएको थियो ।



डा. उपाध्यायले गीत र साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै उक्त अवार्ड प्रदान गरिएको आयोजकले जनाएको छ। सो समारोहमा अन्य विशिष्ट व्यक्तित्वलाई पनि अवार्ड प्रदान गरिएको थियो ।

यस्तै, डा. उपाध्यायलाई हालै युरोपको आइआइइचएसआर विश्वविद्यालयले विद्यावारिधी प्रदान गरेको छ। डा. उपाध्यालाई साहित्य (डी लिट)मा उक्त विश्व विद्यालयले मानार्थ विद्यावारिधी प्रदान गरेको हो। विश्व विद्यालयका प्रतिनिधि जेम्स केरी र अन्य प्रतिष्ठित अतिथिहरूले डा. उपाध्यायलाई उक्त मानार्थ विद्यावारिधी प्रदान गर्नुभएको थियो।

समाजशास्त्रमा सन् २०००मा विद्यावारिधी गर्नुभएका डा. उपाध्यायलाई यसअघि विभिन्न आठ विश्वविद्यालयले मानार्थ विद्यावारिधी प्रदान गरेका छन्। यो उहाँको नवौं मानार्थ विद्यावारिधी हो । डा. उपाध्यायलाई अमेरिकालगायत अन्य विश्व विद्यालयले यसअघि आठ वटा मानार्थ विद्यावारिधिको प्रमाणपत्र प्रदान गरेका छन् ।

डा. उपाध्यायले गीत र साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै उक्त विद्यावारिधिको प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ । सो समारोहमा अन्य विशिष्ट व्यक्तित्वलाई पनि मानार्थ विद्यावारिधिको प्रमाणपत्र प्रदान गरिएको थियो । डा. उपाध्यायले गीत सङ्गीत र विविध विधामा १५३ विश्व कीर्तिमान कायम गर्नुभएको छ ।

उहाँका एक दर्जन बढी उपन्यास, तीन गीति पुस्तक र ३६ एल्बम सार्वजनिक भएका छन् । दुई सय पचासको हाराहारीमा गीत सार्वजनिक गर्नुभएका उपाध्यायका सयौं गीतका भिडियो पनि सार्वजनिक छन् । उहाँको पछिल्लो उपन्यास 'आशक्ति' रहेको छ ।

## परिवर्तनशील...

यो आन्दोलनको अदृष्य एजेन्डा भनेको संघीयता खर्चिलो भयो भन्ने हो, यदि मधेशमा त्यसको विरोध नभएको भए संघीयता नै प्रभावित हुने अवस्था आएको उनको भनाइ छ । मधेशले पाएको अधिकारलाई सुरक्षित राख्नु नै अहिलेको चुनौती रहेको उनले बताए ।

बहुमुखी प्रतिभाका धनी आनन्द गुप्ताले सञ्चालन गरेको कार्यक्रममा समाजका प्रवक्ता दीपेन्द्र चौबेले विद्वान वक्ता तथा दर्शकहरुलाई स्वागत गरेका थिए ।

मधेशी एकता समाजका संस्थापक अध्यक्ष एवं अन्तर्राष्ट्रिय समिति संयोजक डा. रविन्द्र कुमार यादवले विषय प्रवेश गराउँदै समाजको योगदान र भावी कार्ययोजनाबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा सामाजिक अभियन्ता राकेश मिश्रा, विश्लेषक राजेश विद्रोही, मिथिला चित्रकार रन्जु यादव, जेनजी नेता शिव यादव, अभियन्ता आभास गुरु, युवा अभियन्ता माजिद अन्सारी र फिल्म अभिनेत्री सरिता साहले पनि आआफ्नो धारणा राखेका थिए ।

कार्यक्रमको अध्यक्षता गरेकी मधेशी एकता समाजकी नेपाल संयोजक डा. बबी सिंह यादवले सबैलाई धन्यावाद दिनुका साथै मधेशको संघर्ष, एकता र भविष्यबारे कविता सुनाएकी थिइन् ।

## जसपा नेपाल...

र पहिचान भएका समुदायलाई समेट्ने गरी राज्य-राष्ट्रको अवधारणा स्थापित गराउन पनि संयुक्त प्रयास गर्ने सहमति गरिएको छ ।

मधेश जनविद्रोहबाट स्थापित संघीय शासन प्रणालीलाई थप मजबुत बनाउँदै प्रदेशलाई अधिकारसम्पन्न बनाउने, मधेशी, दलित, महिला, जनजाति, खस, मुस्लिम अल्पसंख्यक तथा पिछडावर्गको अधिकार, पहिचान र सम्मानका लागि निरन्तर संघर्ष गर्ने घोषणापत्रमा उल्लेख छ । साथै राज्यका सबै तह र निकायमा जातीय तथा सामुदायिक जनसंख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न संयुक्त संघर्ष गर्ने प्रतिवद्धता जनाइएको छ ।

## नाउपा नेपाल...

नीति,सिद्धान्त र नारामा आवश्यक संशोधन गर्न सकिने सहमति भएको छ। दुवै दलले आगामी एक वर्षभित्र महाधिवेशन गर्ने, फागुन २१ गते निर्धारित चुनाव हुन नसके वृहत् एकता घोषणा गर्ने तथा दुवै पक्षको सल्लाह र सुझावअनुसार सम्मानजनक सिट बाँडफाँड गर्ने विषयमा पनि सहमति जनाएका छन्।

कार्यक्रममा बोल्दै नाउपा नेपालका संरक्षक रेशम चौधरीले जेनजी २.० ले विभिन्न ४७ क्षेत्रमा 'जाँतो' चुनाव चिन्हबाट चुनाव लड्ने जानकारी दिए। उनले नयाँ राजनीतिक शक्तिहरूलाई एकतामा आउन आह्वान गर्दै रवि लामिछाने,काठमाडौं महानगरका मेयर बालेन्द्र शाह (बालेन) र पूर्व नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई समेत चुनावी सहकार्यका लागि आग्रह गरे।

उनले देशमा वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता रहेको उल्लेख गर्दै परिवर्तनका लागि सबै नयाँ शक्तिहरू एकजुट हुनुपर्ने धारणा व्यक्त गरे।

## बस 'छापमा'...

कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रीय अध्यक्ष तथा गठबन्धनका संयोजक मोहम्मद रिजवान अन्सारीले संघीयता, समावेशिता र सामाजिक न्याय संविधानमा सीमित रहेको आरोप लगाउँदै यसको वास्तविक कार्यान्वयनका लागि निर्णायक राजनीतिक हस्तक्षेप आवश्यक रहेको बताए । उनले निषाद, मुस्लिम, दलित, थारु, आदिवासी जनजाति, महिला तथा पछाडि पारिएका समुदायहरू ऐतिहासिक रूपमा राज्यसत्ताबाट बहिष्कृत रहँदै आएको उल्लेख गरे ।

"हामीले धेरै पटक अरूका सरकार बनायौं, तर हाम्रा समुदायको अवस्था उस्तै रह्यो," अध्यक्ष अन्सारीले भने, "अब विभाजित भएर होइन, एकजुट भएर एकल चुनाव चिन्ह 'बस' छापमा मतदान गरी आफ्नै सरकार निर्माण गर्ने बेला आएको छ।"

उनले शिक्षा, रोजगारी, स्वास्थ्य, भूमि अधिकार, पहिचान, समानुपातिक समावेशिता र सम्मानजनक प्रतिनिधित्वजस्ता आधारभूत मुद्दा अझै पनि राज्यको प्राथमिकतामा नपरेको भन्दै अब वैकल्पिक, जनमुखी र उत्पीडित-केन्द्रित राजनीतिक धार स्थापित गर्नुपर्नेमा जोड दिए । अध्यक्ष अन्सारीले संगठनलाई गाउँ-गाउँ र टोल-टोलसम्म विस्तार गर्दै जनताको आवाजलाई सशक्त रूपमा संसद र सत्तामा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे ।

विशिष्ट अतिथि बिमला अन्सारीले लोकतन्त्रलाई बलियो बनाउन राजनीतिक दलहरू जनतासँग प्रत्यक्ष रूपमा जोडिनुपर्ने बताउँदै महिलाको नेतृत्व, सहभागिता र निर्णय प्रक्रियामा प्रभावकारी भूमिका सुनिश्चित गर्नुपर्नेमा जोड दिइन् ।




## मधेशका जनताले...

खाद्य उद्योग मधेशमै विकास गर्न सकिन्छ। यसले रोजगारी सिर्जना मात्र होइन, प्रदेशको आन्तरिक राजस्व पनि बढाउनेछ। तर यसका लागि नीति स्थायित्व, लगानीमैत्री वातावरण र राजनीतिक प्रतिबद्धता अनिवार्य हुन्छ।

कृषि क्षेत्रमा परम्परागत खेतीबाट आधुनिक र व्यावसायिक खेतीतर्फ रूपान्तरण गर्नुपर्ने बेला आएको छ। सिँचाइ, बीउ, मल, प्रविधि र बजारलाई एकआपसमा जोड्ने समग्र नीति आवश्यक छ। किसानलाई अनुदान मात्र होइन, सम्मानजनक आम्दानी सुनिश्चित हुने व्यवस्था हुनुपर्छ। कृषि आधारित उद्योग विकास नगरेसम्म मधेशको गरिबी हटाउन सकिँदैन।

पूर्वाधार विकासमा प्रदेश सरकारले संघ सरकारसँग निरन्तर दबाब र समन्वय गर्नुपर्छ। हुलाकी राजमार्ग, द्रुतमार्ग र अन्तर्राष्ट्रिय विमानस्थल जस्ता आयोजनाहरू मधेशको जीवनरेखा हुन्। यी आयोजनामा ढिलाइ हुनु भनेको मधेशको विकासमा ढिलाइ हुनु हो। मुख्यमन्त्रीले यसलाई राजनीतिक श्रेयको विषय होइन, प्रदेशको भविष्यको विषयका रूपमा लिनुपर्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा सुशासन हो। भ्रष्टाचार नियन्त्रण बिना कुनै पनि विकास सम्भव हुँदैन। बजेट खर्चमा पारदर्शिता, सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण र कडाइका साथ अनुगमन प्रणाली लागू गर्न सकिए जनताको विश्वास फर्कन सक्छ। मुख्यमन्त्रीले आफैँ उदाहरण प्रस्तुत नगरेसम्म प्रशासन सुधार सम्भव हुँदैन।

अब मधेशले नेतृत्वसँग प्रश्न गर्नुपर्ने समय आएको छ– तपाईंको सपना के हो ? तपाईंको भिजन के हो ? तपाईंको प्राथमिकता के हो ? केवल कुर्सी जोगाउने राजनीति होइन, परिणाम दिने राजनीति चाहिएको छ। मधेशलाई अब भाषण होइन, काम चाहिएको छ।

निष्कर्षमा भन्नुपर्दा, मधेश प्रदेश आज परिवर्तनको निर्णायक मोडमा उभिएको छ। विगतका कमजोरीबाट सिकेर अब नयाँ बाटो रोज्न सकिन्छ, वा उही पुरानै चक्रमा अल्झिरहन सकिन्छ। संघीयताले दिएको अवसरलाई उपयोग गर्ने कि गुमाउने भन्ने निर्णय आजको नेतृत्व र जनताको हातमा छ। जब मधेशले ठूलो सपना देख्ने, स्पष्ट भिजन बोकेको र दृढ इच्छाशक्ति भएको नेतृत्व पाउनेछ, तब मात्र मधेशको अवस्था फेरिनेछ र समृद्ध मधेशको आकांक्षा साकार हुनेछ।यस सन्दर्भमा सबैभन्दा जरुरी कुरा आत्मनिर्भर सोचको विकास हो। मधेशलाई सधैं केन्द्रको मुख ताकेर बस्ने प्रदेशको रूपमा राखिरहनु अब आत्मघाती हुनेछ। संघ सरकारसँग अधिकार र स्रोतको माग गर्नु स्वाभाविक हो, तर प्रदेशभित्र उपलब्ध स्रोत, सम्भावना र जनशक्तिको अधिकतम उपयोग गर्ने नीति नबनाई समृद्धि सम्भव छैन। मुख्यमन्त्री नेतृत्वको सरकारले "केन्द्रले दिएन" भन्ने बहानाभन्दा बाहिर निस्केर आफ्नै क्षमता र अधिकारभित्र के-के गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिनुपर्छ।

मधेश प्रदेशको भौगोलिक अवस्थाले भारतसँगको सीमा व्यापार, कृषि निर्यात र उद्योग विस्तारका ठूलो सम्भावना बोकेको छ। तर सीमावर्ती व्यापार अझै पनि अव्यवस्थित, बिचौलियामैत्री र अपारदर्शी छ। यदि प्रदेश सरकारले स्पष्ट सीमा व्यापार नीति ल्याएर भन्सार, गोदाम, यातायात र बजार व्यवस्थापन सुधार गर्न सके मधेश आर्थिक गतिविधिको केन्द्र बन्न सक्छ। यसमा मुख्यमन्त्रीको नेतृत्वदायी भूमिका निर्णायक हुन्छ।

सूचना प्रविधि र डिजिटल शासन पनि मधेशको कायाकल्प गर्ने अर्को आधार बन्न सक्छ। प्रदेशका धेरै सेवा अझै पनि कागजी प्रक्रिया, ढिलासुस्ती र पहुँचको अभावमा सीमित छन्। डिजिटल सेवा प्रवाह, अनलाइन अनुमति प्रणाली, ई-गभर्नेन्स र डाटा आधारित योजना निर्माणले प्रशासनिक सुधार ल्याउन सक्छ। यसका लागि राजनीतिक इच्छाशक्ति र दक्ष जनशक्तिको व्यवस्थापन आवश्यक छ।

शिक्षित मधेशी युवालाई प्रदेशमै रोक्न स्टार्टअप, नवप्रवर्तन र साना उद्यमलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सस्तो ऋण, प्राविधिक सहयोग र बजार पहुँचको व्यवस्था गर्न सके युवाहरू विदेश पलायन हुनुपर्ने अवस्था कम गर्न सकिन्छ। तर यस्तो सोच र नीति हालसम्म प्रदेश सरकारको प्राथमिकतामा परेको देखिँदैन।

सामाजिक रूपान्तरण पनि मधेशको विकाससँग प्रत्यक्ष जोडिएको विषय हो। बालविवाह, दाइजो प्रथा, छोरी शिक्षामा भेदभाव, अन्धविश्वास र जातीय विभाजनजस्ता समस्याले मानव विकास सूचकांकलाई कमजोर बनाइरहेका छन्। यी समस्यालाई कानुन र सचेतनामार्फत समाधान गर्न प्रदेश सरकार र मुख्यमन्त्रीले दृढता देखाउनुपर्छ। सामाजिक सुधार बिना आर्थिक विकास अधुरो रहन्छ।

सुरक्षा र कानुनी शासन पनि लगानी र विकासका लागि आधारभूत शर्त हुन्। मधेशमा कहिलेकाहीँ देखिने अवैध गतिविधि, तस्करी र आपराधिक सञ्जालले प्रदेशको छवि बिगार्दै आएको छ। शान्ति सुरक्षा सुदृढ नगरी लगानी आकर्षित गर्न सकिँदैन। मुख्यमन्त्रीको समन्वयमा प्रदेश प्रशासन र सुरक्षा निकायबीच प्रभावकारी सहकार्य आवश्यक छ।

अब मधेशको बहस भावनात्मकभन्दा व्यवहारिक हुनुपर्छ। "मधेश पछाडि पारियो" भन्ने मात्र होइन, "मधेश कसरी अगाडि बढ्छ" भन्ने प्रश्नमा केन्द्रित हुनुपर्ने समय आएको छ। यसको उत्तर नेतृत्वको गुणस्तर, नीति निरन्तरता र जनताको चेतनासँग जोडिएको छ।

अन्ततः मधेशको अवस्था कुनै एउटा मुख्यमन्त्रीको मात्र जिम्मेवारी होइन, तर मुख्यमन्त्रीको भूमिका सबैभन्दा केन्द्रीय हुन्छ। सही नेतृत्वले सम्भावनालाई अवसरमा बदल्न सक्छ भने कमजोर नेतृत्वले अवसरलाई पनि गुमाउँछ। संघीयता मधेशका लागि वरदान बन्ने कि बोझ बन्ने भन्ने कुरा अब नेतृत्वको दूरदृष्टि र जनताको सचेत निर्णयमा निर्भर छ।

यदि मधेशले अब पनि विगतकै गल्ती दोहोऱ्यायो भने इतिहासले हामीलाई माफ गर्नेछैन। तर यदि आजैबाट इमानदार नेतृत्व, स्पष्ट भिजन र परिणाममुखी राजनीति रोज्यौं भने मधेशले पनि छिट्टै नयाँ अनुहार पाउनेछ। समृद्ध मधेश कुनै सपना मात्र होइन, सही निर्णय र साहसी नेतृत्व पाए यो सम्भव यथार्थ हो।सन्दर्भमा मधेशका बुद्धिजीवी, शिक्षक, पत्रकार, वकिल, सामाजिक अभियन्ता र युवाको भूमिका झन् महत्वपूर्ण बन्छ। राजनीतिक नेतृत्व मात्र परिवर्तनको एकमात्र स्रोत होइन, समाजको चेतना र दबाबले पनि नेतृत्वलाई सही दिशामा हिँड्न बाध्य पार्छ। यदि सचेत वर्ग मौन बसिरह्यो, गलतलाई गलत भन्न डरायो र अवसरवादी राजनीतिसँग सम्झौता गरिरह्यो भने मधेशको अवस्था फेरिने सम्भावना झन् कमजोर हुँदै जान्छ।

सञ्चारमाध्यमले पनि केवल सत्ता र व्यक्तिको प्रचारमा सीमित नभई नीतिगत बहस, तथ्यमा आधारित विश्लेषण र जनसरोकारका मुद्दालाई प्राथमिकतामा राख्नुपर्छ। मधेशका समस्या उजागर गर्ने, समाधानका विकल्प प्रस्तुत गर्ने र सरकारलाई जवाफदेही बनाउने जिम्मेवारी स्वतन्त्र पत्रकारिताको हो। आलोचना व्यक्तिविशेषमाथि होइन, नीतिगत असफलतामाथि केन्द्रित हुन सके मात्र सकारात्मक दबाब सिर्जना हुन्छ।

त्यसैगरी स्थानीय तह र प्रदेश सरकारबीचको समन्वय कमजोर हुनु पनि मधेशको विकासमा बाधक बनेको छ। संघीय संरचनामा स्थानीय तह विकासको पहिलो ढोका हुन्। यदि प्रदेश सरकारले स्थानीय तहलाई साझेदारका रूपमा नलिएर केवल नियन्त्रण गर्ने दृष्टिकोण अपनायो भने विकास प्रभावकारी हुँदैन। मुख्यमन्त्रीले प्रदेश-स्थानीय सहकार्यलाई मजबुत बनाउने स्पष्ट नीति ल्याउनुपर्छ।

अब मधेशले नेतृत्व चयन गर्दा एउटा स्पष्ट मापदण्ड तय गर्नुपर्ने समय आएको छ। त्यो मापदण्ड जात, दल वा भावनामा आधारित होइन, भिजन, क्षमता, इमानदारी र परिणाममा आधारित हुनुपर्छ। मधेशका जनताले अब प्रश्न गर्न सिक्नुपर्छ– तपाईंले के गर्नुभयो ? के गर्न सक्नुहुन्छ ? र कसरी गर्नुहुन्छ ? जब यी प्रश्नको उत्तर खोजेर मत हालिन्छ, तब मात्र राजनीति सुध्रिन थाल्छ।

*(झा नेपाल पत्रकार महासंघ रौतहटका पूर्वअध्यक्ष हुन् ।)*

# ओखलढुंगामा भारतको सहयोगमा विद्यालय भवन निर्माण हुँदै



काठमाडौं । भारत सरकारको आर्थिक सहयोगमा ओखलढुङ्गा जिल्लामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत विद्यालय भवन निर्माणको शिलान्यास गरिएको छ ।

सिद्धिचरण नगरपालिका-५ स्थित श्री राज्यलक्ष्मी माध्यमिक विद्यालयका लागि निर्माण गरिने नयाँ विद्यालय भवनको शिलान्यास काठमाडौंस्थित भारतीय राजदूतावासका काउन्सलर अविनाश कुमार सिंह र सिद्धिचरण नगरपालिकाका मेयर तेजन खनालले संयुक्त रूपमा गरेका हुन् ।

भारत सरकारको चार करोड रुपैयाँभन्दा बढीको आर्थिक सहयोगमा निर्माण हुन लागेको उक्त विद्यालय भवन तीन र आधा तल्लाको हुनेछ । परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा अघि बढाइएको छ भने यसको कार्यान्वयन सिद्धिचरण नगरपालिकामार्फत गरिनेछ ।

शिलान्यास समारोहका क्रममा सिद्धिचरण नगरपालिकाका मेयर, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवालाहरूले नयाँ विद्यालय भवन निर्माणका लागि भारत सरकारले प्रदान गरेको सहयोगप्रति आभार व्यक्त गरेका छन् । उनीहरूले यस परियोजनाले स्थानीय शैक्षिक पूर्वाधार सुदृढ गर्दै गुणस्तरीय शिक्षामा योगदान पुग्ने विश्वास व्यक्त गरे ।

भारत-नेपाल साझेदारी विकास, शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायत विभिन्न क्षेत्रमा व्यापक तथा बहु-क्षेत्रीय सहकार्यद्वारा चिनिएको छ । यो परियोजना दुवै देशबीच विकास र समृद्धिको साझा लक्ष्यमा आधारित गहिरो र ऐतिहासिक सम्बन्धको प्रतिबिम्ब भएको भारतीय राजदूतावासले जनाएको छ ।

# गुल्मीमा भारतको सहयोगमा निर्माण हुने विद्यालय भवन शिलान्यास



काठमाडौं । भारत सरकारको आर्थिक सहयोगमा गुल्मीको धुर्कोट गाउँपालिका-३ मा अवस्थित निन्यूखर्क माध्यमिक विद्यालयका लागि निर्माण गरिने भवनको शिलान्यास गरिएको छ।

काठमाडौंस्थित भारतीय राजदूतावासकी काउन्सलर गीताञ्जली ब्रैन्डन र धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोखरेलले मंगलबार विद्यालय भवनको संयुक्त रूपमा शिलान्यास गरेका हुन्।

भारतको ३ करोड ८ लाख नेपाली रुपैयाँ आर्थिक सहयोगमा विद्यालय भवन निर्माण गर्न लागिएको हो। फर्निचर, कक्षाकोठा र अन्य सहयोगी संरचनासहितको दुई तले विद्यालय भवन निर्माण हुनेछ।

उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गतको यो परियोजना धुर्कोट गाउँपालिकामार्फत कार्यान्वयन हुनेछ।

# चुनाव गराउन नसक्ने हो भने बेलैमा हात उठाउन प्रभु साहको सुझाव

सिराहा । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकारको नेतृत्व नै लुते भएको कारण नै चौतर्फी आक्रमणको शिकार भएको टिप्पणी गरेका छन् । जेन-जी जनविद्रोहको जगमा बनेको सरकारले आफ्नो मूल दायित्व नै बिर्सिएको कारण अहिले परिवर्तन नचाहने तत्वहरुको प्रहार सहनुपरेको साहको दाबी छ । सरकार बनेको एक सय दिन बित्न नपाउँदै विकल्प खोज्ने कुरा उठ्नु वर्तमान सरकारको असफलतासँग जोडिएको साहको भनाई छ ।




उनले भने,'यो सरकार ठीक दिशामा हिँडेको भए र आफ्नो मूल दायित्व पूरा गर्नतर्फ गम्भीर बनेको भए आज एक सय दिन नपुग्दै विकल्प खोज्ने कुरा उठ्थ्यो त ? यो गम्भीर प्रश्नको विषय हो ।'

आइतबार सिराहको धनगढिमाई बजारमा आयोजित सिराहा क्षेत्र नं. २ को क्षेत्रीय भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले सरकारमा बसेकाहरुले तोकिएको मितिमा चुनाव गराउने दायित्व भुल्न थालेको र रंगबिरंगी खेलोफड्कोमा अल्झिएको आरोप लगाए । उनले निर्दलीय सरकारमा बसेर कुलमान घिसिङ्ले आफ्नो स्वार्थको रोटी सेकिरहेको र सत्ताको दुरूपयोग गरेर आफ्नो पार्टीको प्रचारमात्रै गरेको भन्दै मन्त्रीको जिम्मेवारीबाट घिसिङ्लाई तत्काल बर्खास्त गर्नपनि प्रधानमन्त्रीसमक्ष माग गरे ।

उनले भने,'कुलमानकै महत्वकांक्षाको कारण यो सरकारलाई जेनजी आन्दोलनमा दमन गरेका हत्याहरुले पनि हेप्न थाले, अहिले त खुलेआम चुनाव हुन दिन्नौं भनेर धम्की दिन थालेका छन्, यो अवस्था कसरी सिर्जना भयो ? प्रधानमन्त्रीले गम्भीर कदम चाल्नुपर्छ । निर्दलीय सरकारमा बसेर दल खोल्ने र रातारात हिरो हुन्छु भनेर लोभ पालेर बसेका कुलमानहरुको कारण सरकार बदनाम भइरहेको छ, यसतर्फ प्रधानमन्त्रीले कदम चाल्नुपर्छ । दल खोल्ने र राजनीतिको रोटी सेक्ने ईच्छा देखाएका कुलमानलाई बिदा गर्नुपर्छ । देशको विकास निर्माणसँग प्रत्यक्ष जोडिएका तीन तीन वटा महत्वपूर्ण मन्त्रालयको चाबी कसको दबावमा सुम्पिनुभयो ? उहाँ जेनजीको भावनाअनुसार चल्नुभएको छ त ? कि कसैको इशारामा नाच्दै हुनुहुन्छ ?' मन्त्री घिसिङले कतिपय आयोजनाको निरीक्षण गर्ने क्रममा धम्कीको भाषा बोल्ने गरेको र समयमा आयोजना नसके यो धर्तीमा नै रहन नदिने भनेर बोलेकोमा पनि साहले आपत्ति जनाए ।

उनले वर्तमान सरकारले एक सय दिन पुगेको अवसरमा कामको फेहरिस्त सुनाउन थालेकोमा पनि आपत्ति जनाए । उनले सय दिनमा सयथरि कुरा गरेर समय व्यतित नगर्न पनि प्रधानमन्त्री कार्कीलाई चेतावनी दिए । साहले चुनाव गराउने दायित्व पूरा नगर्ने हो भने बेलैमा मार्गप्रशस्त गर्न पनि प्रधानमन्त्रीलाई आग्रह गरे ।

उनले भने,'तपाई दिन बिताउने मेसोमा मात्रै लागेको हो भने यो हामीलाई मान्य छैन, न त अहिलेसम्म जेनजी आन्दोलनका शहादत दिएकाहरुलाई न्याय दिन सक्नुभयो, उनीहरुको हत्याहरु अहिलेपनि देश र दुनियाँ अनि जनता धम्क्याउँदै हिँडेका छन्, तर तपाईंहरु कानमा तेल हालेर र हात बाँधेर बस्नुभएको छ, यसरी जेनजी आन्दोलनका शहिदहरुलाई न्याय हुन्छ ? अर्को, चुनाव गराउने दायित्वपनि पूरा गरेको देखिँदैन, अहिलेसम्म लुटिएका हतियार फिर्ता ल्याउन सक्नुभएको छैन, गम्भीर अपराधका कैदीबन्दीहरु फरारकै अवस्थामा छन्, फिर्ता ल्याउन सक्नुभएको छैन, नसक्ने हो भने देशको समय बर्वाद नगर्नुहोस र संकटको घडीमा सक्षम व्यक्ति ल्याएर भएपनि चुनाव गराउँछौं ।' उनले सुशीला कार्कीहरुले जेनजी आन्दोलनको मर्म र भावनामाथि बारम्बार प्रहार गरेको भन्दै आलोचना गरे । जेनजीहरुले ओली-आरजुलाई सरकारबाट हटाएर सुशीला-कुलमानलाई विराजमान गर्नको लागि मात्रै आन्दोलन नगरेको साहको भनाई छ ।

## राष्ट्रिय झण्डाको सम्मान गरौं

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैन:**

- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न ।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न ।
- व्यापारिक परियोजनका लागि दुरुपयोग गर्न ।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न ।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं ।

**राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं